Vol. 1, Issue 5, February-March, 2014

# हट नेपाल
HOT NEPAL

वर्ष १, अंक ५, चैत २०७०, मूल्य रू ३०।-



## सित्तैमा मोडलिङ गर्नेको हालिमुहाली

## फेसनेवल शहरका फेसन पारखी


## यौनजिज्ञासा निवारणका सहजकर्ता

## विश्वको तेस्रो नम्बरकी मोडल लिउ वन

## स्पेनको स्की र नाइटलाइफ

# रोजाइमा भर्सटाइल इन्दिरा


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made


Buddha Maya Gardens, Lumbini
KGH
HOTELS
Wherever you are, we are always at your service
Kathmandu Guest House, Thamel, 4700632
Park Village Resort, Buddhanilkantha, 4375280
Waterfront Resort, Lake Side, Pokhara, 61466304
Buddha Maya Gardens, Lumbini, 71580220
Maruni Sanctuary Lodge, Chitwan, 56580160
Park Vision Inn, Nagarkot, 06205839
Pokhara View, Pokhara, 61462592
Buddha Maya Gardens Features:
a luxury hotel in the birth place of Lord Buddha
87 deluxe rooms, conference hall, restaurant
and 10 acres of private woodland with
meditation grotto
Tel: 071 580 220

Vol. 1, Issue 5, February-March 2014

HOT NEPAL

# हट नेपाल

वर्ष १, अंक ५, चैत २०७०

**मनोरञ्जन र जीवनशैली मासिक**




आवरण तस्वीर : दीपकर कसजु

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
राजीव श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**लेआउट/ग्राफिक**
श्याम स्याङ्बो

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटेबहाल, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
प्रिजम कलर स्क्यानिङ एण्ड प्रेस
सपोर्ट प्रालि, कुलेश्वर, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

## १०

### सितैमा मोडलिङ गर्नेको हालिमुहाली

वैदेशिक रोजगारीबाट स्वदेशमा बिदा मनाउन आउनेहरूले गीतका भिडियोमा अनुहार देखाउने हतारले चर्चित गायक-गायिकाका गीतका भिडियोमा लगानी गर्ने गर्दछन् । जसमा उनीहरूकै बोलवाला तथा हाउभाउ हुने गरेको छ ।





## १८

### मिस पूर्वाञ्चल किताबको कीरो

मिस पूर्वाञ्चलको ताज पहिरिएपछि दमक मल्टीपल कलेजमा बिएस्सी पढ्दै गरेकी नेमितालाई जिम्मेवारी थपिएको छ । धेरै किताब पढ्न मन पराउने नेमितालाई खासगरी आत्मकथाको किताबमा बढी रुचि छ ।

## २४

### नवीनको परिवारप्रेम

तीन दाजुभाइमध्ये कान्छो मदिरा व्यवसायी महासंघका अध्यक्ष नवीनको संयुक्त परिवार मिलेर बसेको छ । सबै व्यस्त भएकाले पनि पारिवारिक विखण्डन नभएको बताउने उनी सफलताको श्रेय आफ्नै परिवारलाई दिन्छन् ।





## ३६

### हिउँदे ऋतुमा तिब्बती पर्यटन

हिउँदमा तिब्बत भ्रमण गर्न सस्तो र सजिलो हुन्छ। हिउँदे ऋतुमा तिब्बतमा अक्सिजन मात्रा र ग्रीष्म ऋतुबीच धेरै फरक छैन तर सुक्खापन धेरै हुन्छ। मध्यान्ह घाम लागेर तापक्रम २० डिग्री सेल्सियसभन्दा बढी पुग्छ । साथै हिउँदे ऋतुमा तिब्बतका धेरैजसो दृश्यावलोकन क्षेत्रको टिकट मूल्यमा आधा छुट हुने र धेरैजसो होटेलको खर्च पनि आधा घट्ने हुन्छ।

## ४०

### कमाइमा सन्तुष्ट कालोबाज

चार विद्यार्थीको प्रयासबाट स्थापना भएको ब्ल्याक-हङ्कको यात्राले १६ वर्ष पूरा गर्दै छ । यस अवधिमा यस ब्याण्डले मिडनाइट, सिक्स-स्ट्रिङ र एक विश्वास नामक तीन एल्बम बजारमा ल्याइसकेको छ।



Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, a monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# फेसनको मापन

फेसनको अर्थ र पहिचान व्यापक छ । हरेक युगमा प्रचलनमा आउने फेसनले त्यस समयको पुस्ताको प्रतिनिधित्व गरिरहेको हुन्छ । ढुंगे युगका मानवले पनि त्यस युगको चेतना र उपलब्ध स्रोत-साधन अनुसार फेसन अपनाएका थिए । रूखका पात, बोक्रा तथा जनावरका छाला पहिरिनु नै त्यस युगको उत्तम फेसन थियो । सायद फेसनको प्रारम्भ यसैलाई भन्नुपर्छ । मानव सभ्यताको विकाससँगै शरीर ढाक्न तथा लाज जोगाउन विभिन्न शैली र डिजाइनमा लुगा तयार गर्न जानेपछि नै फेसनले नयाँ गति लिएको मानिन्छ । यो गतिसँगै वर्तमान एक्काइसौं शताब्दीमा फेसनले ठूलो फड्को मारेको छ । यस क्रममा विभिन्न फेसन डिजाइनर तथा फेसन व्यवसायीको फेसन बजारमा राम्रो उपस्थितिले समयानुकूल फेसनको विकास भएको छ । नयाँ युगको पहिचान तथा समय मापनको माध्यमको रूपमा रहेको फेसनले नेपालमा पनि राम्ररी नै स्थान पाएको छ । घरमा खाने वस्तुको अभाव भए पनि बाहिर राम्रो लुगा लगाउनु पर्दछ भन्ने किसिमको मान्यता पनि पछिल्लो पुस्तामा विकास भइरहेको छ । अरू कुरामा नेपाली समाज पछि परे पनि फेसनको मामिलामा अग्रपङ्तिमा नै देखिएको छ । यसकै प्रतिफलस्वरूप केही समययता फेन्सी पसलदेखि महंगो लगानीका बुटिक समेत खोल्ने क्रम बढेको छ ।

नयाँ पुस्ताका नेपाली महिला तथा पुरूषहरूमा फेसनेबल बन्ने तीव्र प्रतिस्पर्धा भइरहेको पाइन्छ । यही प्रतिस्पर्धाले कुनै समय दसैंको बेला मात्र व्यस्त बन्ने फेसन व्यवसायीहरु हाल वर्षभरि नै व्यस्त बनिरहेका छन् । फेसन बजारमा अहिले उभार आएको छ । टम्म कपडाले शरीर ढाक्ने युगदेखि आकर्षक ढंगले शरीरका विभिन्न भाग प्रदर्शन गर्ने अहिलेको युगसम्म आइपुग्दा फेसनमा व्यापक पुस्तान्तर पनि देखिएको छ । पुरानो पुस्ताले नयाँ पुस्ताले रूचाएको फेसनलाई निको नमाने पनि समयको यो प्रवाहलाई रोक्न र छेक्न संभव छैन र त्यसो गर्नु न्यायोचित पनि हुँदैन । तन्नेरीहरूबीचको यसप्रकारको प्रतिस्पर्धाले सामाजिक विकृति आउन थालेको प्रसंग पनि उठ्ने गरेको छ तर सोचाइमा परिवर्तन ल्याउनासाथ यो प्रसंग खासै सान्दर्भिक नहुने स्पष्ट छ । फेसनको नाममा विकृति पनि नदेखिएको होइन तर विकृत फेसन समाजबाट स्वतः विस्थापित हुनेमा दुई मत छैन । भड्किँदो फेसनले महिलाहरूप्रति हिंसाका घटना बढिरहेको प्रसंग पनि उठ्ने गरेका छन् तर विकृतिको कारक फेसनलाई मान्न सकिने आधार भने छैन । विकृत फेसनमा आफ्ना छोराछोरी प्रवेश गर्न लागेमा अभिभावक वर्ग नै सचेत भएर नियन्त्रण गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । फेसन भनेको शरीर सुहाउँदो पहिरन हो । यसलाई समाजमा विकृति ल्याउने किसिमले विकसित हुन दिनु हुँदैन । फेसन त सभ्य हुनुपर्दछ । गुलाफ जस्तै हेर्दैमा सुन्दर हुनुपर्दछ । पुरानो सभ्यताबाट विकसित फेसनको पूर्ण परित्याग नभई युग सुहाउँदो परिस्कार र परिमार्जन हुनुपर्छ । यसो भएमा समाजको मर्यादामा कुनै असर पर्ने छैन । समाजको मर्यादा कायम रहेमा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्व पनि बढ्ने छैन । समयानुकूल विस्तारै परिस्कृत र परिमार्जित हुँदै जाने फेसन सर्वस्वीकार्य हुनसक्छ तर परिवर्तनका नाममा विकृतिउन्मुख फेसन प्रशंसित हुन सक्दैन र त्यो टिकाउ पनि हुँदैन ।

समयानुकूलको फेसनले विभिन्न मौसम तथा पर्व विशेषको संकेत पनि गर्ने भएकोले सोहीअनुरूप डिजाइनरबाट डिजाइन हुनु आवश्यक छ । पारखी उपभोक्ताबाट पनि त्यसअनुरूपका फेसनको माग गरिनु जरूरी देखिएको छ । समाजलाई भड्काउने किसिमले फेसनेबल बन्ने मोडलहरूले पनि आफ्नो कर्तव्य र दायित्व भुल्नु हुँदैन । अर्कोतर्फ ती मोडलहरूले विद्युतीय तथा छापा सञ्चारमाध्यममा प्रस्तुत हुँदा सकभर शालीन सुन्दरतामा सोही अनुरूपका फेसन गर्न जान्नु पर्दछ । आफ्नो शरीर अनुसारको फेसनलाई दरिलो रूपमा प्रस्तुत गर्न सक्नु पर्दछ । यिनै रोलमोडलहरूलाई आदर्श मान्ने संस्कारको विस्तारै नेपालमा विकास हुन थालेको छ । फेसन बजारलाई हाँक्ने कार्यसमेत हाल आएर चलेका मोडलहरूबाट भइरहेको छ । मोडलिङबाट रिटायर्ड नहुँदै फेसन व्यवसाय गर्ने रोलमोडलहरूको फेसन बजारमा पाइएको राम्रो उपस्थिति तथा फेसन विषय विश्वविद्यालयको पाठ्यक्रममा समेत समावेश गरिएकोले यो विधा बौद्धिक र व्यावसायिक बन्न थालेको स्पष्ट हुन्छ । यो सुखद पक्ष हो । कुन युगमा कस्तो फेसन गर्ने भन्ने कुनै निश्चित निर्धारित मापदण्ड नभएकोले फेसनका सन्दर्भमा नयाँ पुस्ता र पुरानो पुस्ताबीच एक किसिमको द्वन्द्वको अवस्था आउने गरेको हो । यो द्वन्द्वले नयाँ आविस्कार गरेमा फेसन दुनियाँमा सुखद प्राप्ति नै हुनेछ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

फेसन भनेको शरीर सुहाउँदो पहिरन हो। यसलाई समाजमा विकृति ल्याउने किसिमले विकसित हुन दिनु हुँदैन। फेसन त सभ्य हुनुपर्दछ। गुलाफ जस्तै हेर्दैमा सुन्दर हुनुपर्दछ। पुरानो सभ्यताबाट विकसित फेसनको पूर्ण परित्याग नभई युग सुहाउँदो परिस्कार र परिमार्जन हुनुपर्छ। यसो भएमा समाजको मर्यादामा कुनै असर पर्ने छैन। समाजको मर्यादा कायम रहेमा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको द्वन्द्व पनि बढ्ने छैन।

## ● हट फोटो चाहियो

नेपाली बजारमा बेग्लै इमेज राखेर अगाडि बढेको लाइफ स्टाइल पत्रिका हट नेपालको अंक-४ पनि समयमा नै हेर्न पाएँ । शालीन कभर फोटोदेखि सबै सामग्री मलाई मन पऱ्यो । नाम हट नेपाल भए पनि अंक-२ जतिको अरू अंकको कभर फोटो त्यति हट महसुस भएन । हट नेपालको लागि हट त अवश्य नै चाहिन्छ । आई वान्ट हट फोटो अन हट नेपाल ! हट फोटो राख्नुस् है ।

*- अजय बराल, मेनरोड, धरान*

## ● लसपस नराखेकै राम्रो

हट नेपालको अंक-४ को कभर गर्ल नायिका एवम् मोडल हर्षिका श्रेष्ठले व्यक्त गरेको भनाइ समसामयिक नेपाली समाजमा यथार्थ रूपमा देखिन थालेको छ । अचेल विवाहपूर्व नै लसपस राख्ने धेरै युवायुवती देखिन थालेका छन् । यसले फेसनको रूप नै लिइसकेको छ । प्रायः रिसोर्टमा अविवाहित युवा-युवती लसपसमा मग्न हुने गरेबाट यसको पुष्टि हुन्छ । विवाह नै गर्ने भएमा त्यसप्रकारको लसपसलाई हर्षिकाले भनेजस्तै म पनि जायज नै मान्छु । जो जसँग लसपस राखिएको हो तिनीसँग भविष्यमा बिहे नभएमा निश्चित रूपमा त्यसको परिणाम नराम्रो हुने भएकोले हतारमा लसपस नराख्न म सबै युवा-युवतीलाई अनुरोध गर्न चाहन्छु ।

*- जस्मिन शर्मा, महाराजगन्ज, काठमाडौं*




## ● प्रशान्तको भ्यालेन्टाइन बन्न तयार

भ्यालेन्टाइन विशेषको रूपमा आएको हट नेपाल अंक-४ मा इण्डियन आइडल प्रशान्त तामाङ नेपाली भ्यालेन्टाइनको खोजीमा रहेको विशेष आलेखले मेरो मन र मुटु छोयो । मेरो मनपर्ने आइडल प्रशान्त नै हो । उनको सरल स्वभाव र निस्कपट व्यवहारले म वर्षौंदेखि प्रभावित बन्दै आएकी छु । म प्रशान्तको नेपाली भ्यालेन्टाइन बन्न तयार छु । पाएमा म प्रशान्तसँग बिहे गर्न पनि तयार भएको जानकारी लोकप्रिय पत्रिका हट नेपालबाटै उनीसम्म पुऱ्याउन चाहन्छु ।

*- सरला बमजन, काभ्रे*

## ● बेनिशाको फोटोको कमाल

हट नेपालको अंक-४ मा बेलगाम बेनिशा हमाल शीर्षकको समाचारले निश्चय पनि मेरो तन्नेरी मनलाई तान्यो । मिस नर्सको पेजेन्टको जजिङ गर्न पुगेकी नायिका हमालले बेहोशीमा भित्री वस्त्र पेन्टी नै नलाइकन उक्त कार्यक्रममा जानु लाजमर्दो भए पनि त्यसप्रकारको फोटो खिच्न भ्याउने फोटोग्राफरको कमालले त्यसरी बिर्सने नायिकालाई अवश्य पनि सचेत गराएको मैले महसुस गरेको छु ।

*- नारायण राई, उदयपुर*

## ● खोजमूलक लाग्यो

नियमित रूपमा नेपाली बजारमा आइरहेको हट नेपालको अंक-४ पनि समयमा नै हात पऱ्यो । यो अंकमा संगृहीत रोलमोडलको महँगो रेट खोजमूलक सामग्री लाग्यो । लाखौंका नेत्रज्योति मानिएका डा. रामप्रसाद पोखरेलको व्यक्तित्वले मन छोयो । नेपालमा छायांकन गरिएको चिनियाँ चलचित्रले चीनमा पाएको चर्चा मलाई सान्दर्भिक लाग्यो । मिसेस नेपालको लङ-ड्राइभ, मेसेन्जर ब्याण्डको आलेख, राजेश हमालको बिहे हल्ला मात्र जस्ता सामग्रीले यस अंकलाई उत्कृष्ट बनाएको छ ।

*- दिनेश कार्की, ललितपुर*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



# भर्सटाइल इन्दिरा

'सानु माया आऊ न वर भन्छन् गाउँका मोरा- चौवन्दी चोली मेरो रातो घाँघर.... ' यो गीत अनि यही गीतको भिडियो सार्वजनिक भएयता भर्सटाइल गायिका इन्दिरा जोशीको माग ह्वात्तै बढेको छ । प्रत्येक दिनजसो फिल्म खेल्ने अफर उनलाई आइरहेको छ । उनको मोबाइलमा फोन गर्ने प्रायःले लौ इन्दिरा अब फिल्म खेल्ने होइन भन्ने गरेको उनले बताएकी छन् । नेपाली चलचित्रका प्रायः निर्माता-निर्देशकले पनि उनलाई कल गरेर फिल्म खेल्न अफर गरेको उनले खुलासा गरेकी छन् ।

मिलेको ज्यान, जोसिलो डान्स अनि हिस्सी परेको अनुहार देख्ने जोकोहीको नजरमा पनि इन्दिरा पहिलो छनोटमा पर्ने गरेकी छन् । कुनै नायिका तथा मोडलभन्दा कम नदेखिएकी इन्दिराको हाउभाउले पनि उनी राम्रो मोडल तथा नायिका बन्न सक्ने संकेत दिइरहेको छ । यसले गर्दा पनि उनलाई त्यसप्रकारको फिल्मी अफर आएको हुनुपर्ने उनी निकटवर्तीहरु बताउने गर्छन् । तर, गायिका जोशी भने फिल्मी हिरोइन तथा मोडल बन्ने आफ्नो कुनै सोच नभएको स्पष्ट पार्छिन् । उनी भन्छिन्- 'म नायिका होइन । म गायिका हुँ । मलाई फिल्म खेल्ने कुनै रहर छैन ।'

राम्रो कथावस्तु तथा यथार्थपरक चलचित्रमा अफर आए चलचित्र खेल्न पनि सक्ने बताउने उनी मोडलिङ पनि आफ्नै गीतमा बाहेक अरूकोमा नगर्ने अडानमा रहेकी छन् । पहिलो नेपाली तारा दीपक लिम्बुको प्रत्यासीको रूपमा समेत चर्चामा रहेकी उनी नेपाली तारामा टप फाइभमा आएर आउट भएकी थिइन् । यद्यपि, त्यो बेला नेपाली तारा हेर्ने प्रायःले इन्दिराको त्यो पर्फमलाई बिर्सेका छैनन् ।

फिमेल क्याटागोरीमा नेपाली तारामा उत्कृष्ट नै देखिएकी यी भर्सटाइल गायिकालाई क्लासिक मन्त्रमुग्ध आवाजको अवार्ड समेत दिइएको थियो । अरूणा लामा, लता मंगेशकरलाई गायनको आदर्श मान्ने इन्दिरामा गाएरै खान सक्छु भन्ने आँट छ । नेपाली तारापछि निरन्तर गायनमा अगाडि आइरहेकी उनी गाएरै खाइरहेको बताउँछिन् ।

हालै डान्स-वीथ मी नामक डान्सिङ गीतको एल्बम निकालेकी उनी नवलपरासीबाट नेपाली तारासम्म आइपुग्दा सांगीतिक जीवनबाट मक्ख मात्र होइन दंग पनि बनेकी छन् । 'मैले हार खानुपरेको छैन । हार मेरो जीवनमा आइपरेको छैन । कतिपय समयमा हारे पनि हुँला । ती हारमा पनि मैले जितेकी छु' भन्ने उनी आम नेपाली जस्तो काठमाडौंलाई गुनासो गर्ने पक्षमा छैनन् । 'काठमाडौंले मलाई बनाएको छ', उनी भन्छिन् । नवलपरासीको परासी बजारमा खेली-हुर्केकी यी बालालाई काठमाडौंले महंगी गायिका बनाइदिएको छ ।

सयौं गीतमा भर्सटाइल आवाज दिइसकेकी यी क्लासिक गायिकालाई विभिन्न स्टेज प्रोग्राम तथा एल्बम एवम् चलचित्रमा गीत गाउँदैमा भ्याइनभ्याई भइरहेको छ । गीत गाउनुको अलावा ट्राभलिङ, डान्सिङ तथा मुवी हेर्नु उनको रूचिको विषय हो भने न्याफ्टिङ तथा स्वीमिङ फुर्सद हुनासाथ गर्न रूचाउँछिन् । त्यसैले त ज्यान फिट एण्ड फाइन राख्न हेल्प गरिरहेको उनी बताउँछिन् ।





तस्वीर : दीपंकर कसजु

## मिस नेपाल–२०१४ नयाँ वर्षमा




२० वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको मिस नेपाल यसपालि २०७१ वैशाख १९ गते हुने भएको छ । मिस नेपालका लागि २० जना प्रतिस्पर्धीको छनौट भएर प्रशिक्षण कार्य भैरहेको जानकारी आयोजक हिडन ट्रेजरका कार्यकारी अधिकृत पूर्वमिस नेपाल श्वेता सिंहले दिएकी छन् । १ सयभन्दा बढीको आवेदन परे पनि उनीहरूमध्येबाट उत्कृष्ट २० प्रतिस्पर्धी छानिएको सिंहले बताइन् । यो वर्षदेखि मिस पोखरा, मिस पूर्वाञ्चल, मिस नेवालगायतलाई सीधै प्रतिस्पर्धामा राखिनेसमेत आयोजक हिडन ट्रेजरले जनाएको छ । सन् १९९४ देखि मिस नेपालको आयोजना हुँदै आए पनि सन् १९९८ देखि हिडन ट्रेजर आधिकारिक रूपमा आयोजक भएर अघि बढेको हो । सन् १९९७ सम्म यस ब्युटी पेजेन्टलाई काठमाडौ जेसिजले आयोजना गर्दै आएको थियो । यो वर्ष पनि मिस नेपालको प्रायोजक बोटलर्स नेपालको लोकप्रिय उत्पादन फेन्टा बनेको छ ।

## सुपर मोडलको उपाधि रेश्मालाई



सुपर मोडलको उपाधि विराटनगर-१५ निवासी १९ वर्षीया रेश्मा घिमिरेले जितिन् । नौ प्रतियोगिलाई पछि पार्दै उनले सुपर मोडलको ताज पहिरिन सफल भएकी हुन् । विराट हेल्थ कलेजमा तेस्रो वर्षमा अध्यनरत घिमिरेले बेष्ट स्माइलको टाइटल पनि जित्दै नगद ५१ हजारका साथै विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरिन् । ए-वान इन्टरटेन्टमेन्ट विराटनगरको आयोजनामा भएको प्रतियोगिताको फष्टरनर अप धरानकी २१ वर्षीया अम्बिका प्रधान भइन् । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यनरत प्रधानले मिस पर्सनालिटीको टाइटलसमेत जितिन् । त्यस्तैगरी सेकेण्डरनर अप विराटनगर-१६ की भवानी हमाल भइन् । लर्ड बुद्ध कलेजमा दोस्रो वर्षमा पढिरहेकी उनले बेष्ट क्याटवाकको टाइटल पनि जितिन् । बेष्ट डिसिप्लिन प्रतीक्षा सुवेदी, बेष्ट हेयर स्टाइल इशा प्रसाई, मिस पब्लिक च्वाइस सन्ध्या सिंह, मिस फोटोजेनिक सेनेरिका चौधरी, बेष्ट ट्यालेट सफला कार्की, बेष्ट फ्रेन्डसिप बाला नेपाली र बेष्ट फिजिक टाइटल स्वीकृति ढकालले जितिन् ।

## स्मिताको स्मी सार्वजनिक




लामो समयदेखि गायन, लेखन र चित्रकलामा आबद्ध स्मिता घिमिरेको पहिलो एल्बम सार्वजनिक भएको छ । स्मिताको 'स्मी' नामको एल्बम गायक कुमार बस्नेत, गायिका तारा थापा तथा साहित्यकार तारानाथ शर्माले राजधानीमा संयुक्त रूपमा विमोचन गरेका थिए । समारोहमा गायिका घिमिरेले सानैदेखिको इच्छा बल्ल पूरा भएको बताइन् । वैवाहिक जीवनपछिको घर गृहस्थीले संगीतलाई निरन्तरता दिन नपाए पनि अहिले सबैको सहयोगले एल्बम निकाल्न सक्षम भएको जानकारी पनि उनले गराइन् । अब भने संगीतलाई निरन्तरता दिने विश्वास पनि उनले दिलाइन् । उनले हरेक वर्ष एउटा एल्बम सार्वजनिक गर्ने प्रतिबद्धता पनि जनाइन् । संगीतमा सानैदेखि रूचि राख्ने स्मिताले नरराज ढकालसँग ६ महिना र दीपक जंगमसँग एक वर्ष संगीत प्रशिक्षण लिएकी थिइन् । कार्यक्रममा मन्तव्य राख्दै वरिष्ठ साहित्यकार तारानाथ शर्माले गीतले मुटु छुनुपर्ने तर्क गरे । उनले पहिलेका गीतले यथार्थ बोल्थे जीवन बोल्थे भन्दै आजभोलि त्यस्ता गीत सुन्न नपाइएकोमा दुखेसो पोखे । फिल्म निर्देशक, कवि तथा गीतकार राजेन्द्र शलभले स्मीमा आवाज र संगीतको तुलनामा शब्द कमजोर भएको टिप्पणी गरे । १२ गीत संगृहीत एल्बमका सबै गीतमा कमलमान सिंहको शब्द तथा संगीत रहेको छ ।

## बाजाको धुनमा पचास कला

ललितपुरको सातदोबाटोस्थित मुनलाइट हायर सेकेन्डरी स्कुलको २३ औं अभिभावक दिवसको अवसरमा कला-प्रदर्शनीको आयोजना गरियो । काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको सभाहलबाहिर आयोजित सामूहिक कला प्रदर्शनीमा कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरूका कलाले सबैलाई लोभ्याएको पाइयो । कलाकार अजय देशारबाट प्रशिक्षित ती विद्यार्थीको कलालाई वरिष्ठ कलाकार मदन चित्रकारले समेत ती विद्यार्थी भाइबहिनीहरु भविष्यमा राम्रो कलाकार बन्ने विश्वास गरे । १० मिनेटको बाजाको धुनमा मुनलाइट स्कुलका विद्यार्थीहरूले तयार पारेको ५० भन्दा बढी चित्रकलाले प्रेक्षालय नै रंगीन बनाएको थियो । गोल चित्र, पानी रंग तथा सिसाकलमले तयार पारिएका चित्रले सबैको मन प्रफुल्लित बनाएको थियो ।

## सिनेमाण्डुमा झोला प्रदर्शन



नयाँसडकस्थित नेपाल-भारत पुस्तकालयमा नेपाली चलचित्र 'झोला' देखाइएको छ । साहित्यकार कृष्ण धरावासीको चर्चित कथा 'झोला'मा आधारित चलचित्रलाई भारतीय दूतावास काठमाडौं र बीपी कोइराला फाउन्डेसनद्वारा संयुक्त रूपमा आयोजना हुँदै आएको 'सिनेमाण्डु' को १२औं संस्करणमा देखाइएको हो । पछिल्लो समय चर्चामा रहेको 'झोला' सतीप्रथामा आधारित छ । यादव भट्टराई निर्देशित 'झोला'का कलाकार पनि कार्यक्रममा सहभागी थिए । कलाकारसँगै दूतावासका सांस्कृतिक तथा सञ्चार प्रमुख अभय कुमारले पनि 'झोला' हेरेका थिए । कार्यक्रममा अभय कुमारले चलचित्र युनिटलाई मायाको चिनो प्रदान गरेपछि भने, 'नेपाली चलचित्र र साहित्यको प्रवर्द्धन गर्ने उद्देश्यले सिनेमाण्डु, पोयमाण्डु तथा कन्भरसेसन कार्यक्रम सुरू गरेका हौं ।'

## बौद्ध परियत्ति शिक्षा पुस्तक सार्वजनिक



नेपाल बौद्ध परियत्ति शिक्षा, बुद्ध धर्म र बौद्ध संस्कृतिसम्बन्धी ज्ञान दिने तथा विद्यार्थीहरूको चरित्र निर्माण गर्ने शिक्षामा आधारित 'परियत्ति शिक्षा भाग-१' नामक पुस्तक नेपाली भाषामा प्रकाशित भएको छ । नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु धर्मगुप्त महास्थवीरको सम्पादन तथा संयोजनमा सार्वजनिक भएको उक्त पुस्तकको मोतिलाल सिल्पकार प्रकाशक रहेका छन् । बौद्ध शिक्षाको विकासका लागि निःशुल्क वितरण गर्ने उद्देश्यले पुस्तक प्रकाशन गरिएको जानकारी प्रकाशक सिल्पकारले दिएका छन् ।

## चलचित्र पत्रकार संघमा नयाँ नेतृत्व

चलचित्र पत्रकार संघले शान्तिप्रियको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । नवनिर्वाचित कार्यसमिति उपाध्यक्षमा लक्ष्मण सुवेदी रविष्णु सुवेदी, महासचिवमा सन्दीप सापकोटा, सचिवमा दिनेश सिटौला र कोषाध्यक्षमा कुबेर डंगोल तथा सदस्यहरूमा सुमन गैरे, विजय आवाज, किरण खनाल, गीता अधिकारी र नेमिष गौतम निर्वाचित भएका छन् ।

## जिउँदा शहीदलाई सम्मान



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठले जिउँदा शहीद दुर्गाप्रसाद भट्टराईलाई माघ १७ गते सम्मान गरेका छन् । मन्त्री श्रेष्ठले नेपाल आर्य समाजद्वारा आयोजित कार्यक्रममा भट्टराईलाई सम्मान गर्दै वर्तमान सरकारले जिउँदा शहीद तथा शहीद परिवारका पीडा बुझेको भए पनि चुनावी सरकार भएकाले दीर्घकालीन असर पर्ने काम गर्न नहुने भनी हात बाँधिरहेका कारण उचित सम्मान तथा सहयोग गर्न नसकेको बाध्यता व्यक्त गरे । भट्टराईका अनुसार तत्कालीन नेकपा माओवादीको लडाकूलाई सघाएको अभियोगमा २०६० साउन २८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेश अनुसार भैरवनाथ गणको सेनाले गिरफ्तार गरी १७ दिनसम्म यातना दिएको थियो । यातनाबाट मरेको ठानी कृष्णभीरमा लगी गाडिएको थियो । गाडिएको ३७औं दिनमा स्थानीय महिलाले बाहिर निस्किएको एउटा हात देखी उद्धार गर्दा उनको पुनर्जन्म भएको थियो । अलौकिक दैवी शक्तिका कारण आफ्नो पुनर्जन्म भएको विश्वास भट्टराईले गर्ने गरेका छन् ।

## तनहुँमा स्वास्थ्य शिविर




तनहुंको रूपाकोट-५ का स्थानीय जनतालाई लक्षित गरी बृहत् निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ । स्थानीय जनज्योति ग्राम सेवा समिति तनहुंको आयोजनामा प्रोजेक्ट फर अ भिलेज, क्यालिफोर्निया र मेडिकल मर्सी, क्यानाडाको सहयोगमा आयोजित स्वास्थ्य शिविरमा महिलाको प्रसुती, पाठेघरसम्बन्धी, मुटु रोग, बाल रोगलगायत रोगहरूको निःशुल्क उपचार गरिएको छ ।

# सित्तैमा मोडलिङ गर्नेको
# हालिमुहाली

गीतमा झम्म-झम्म पानी पार्ने गायकको रूपमा चर्चा पाएका रामकृष्ण श्रेष्ठलाई यतिखेर धेरैले सित्तैमा म्युजिक भिडियो बनाइदिन आग्रह गरिरहेका छन् । कुनै पनि गीतको भिडियो बनाउन कम्तिमा नै हालको बजार मूल्यअनुसार दुई अढाई लाख पर्ने गरेको छ । स्तरीय निर्माण गर्ने हो भने त्योभन्दा पनि बढी लाग्ने गरेको छ । दुई वर्षअघि मात्र 'उनीलाई' नामक एल्बम निकाल्दा त्यस एल्बमका तीन गीतको निक्कै सस्तोमा म्युजिक भिडियो बनाउँदा पनि गायक श्रेष्ठले तीनलाख खर्च गर्नुपरेको थियो । गीतमा अभिनय गर्ने व्यावसायिक मोडलको लागि मात्र डेढ लाख पारिश्रमिक दिनुपरेको थियो ।

हाल दोस्रो एल्बम 'बोध' निकाल्दा सित्तैमा भिडियो बनाउन अफर आउँदा गायक श्रेष्ठ तीनछक्कै परेका छन् । केवल यातायात तथा खाजा खर्च मात्र बेहोरे पुग्ने प्रस्ताव आउँदा बल्ल गायक हुनुको मज्जा



तस्वीर : भेषबन्धु ढकाल



# फेसन व्यवसायमा चल्तीका मोडलहरूको होडबाजी

नेपालका प्रायः चल्तीका पुराना मोडलहरूको व्यवसाय नै फेसन व्यवसाय बनेको छ । जिन्दगीका कैयन रंगीन दिन फेसनेवल भएर बिताएका ती मोडलहरूको अधिकांश खर्च फेसनमा हुने गरेको कसैबाट छिपेको छैन । यसले गर्दा पनि यी मोडलहरूको पछिल्लो गन्तव्यका रूपमा फेसन व्यवसाय बुटिक व्यवसाय बन्न थालेको जानकारी पुराना चल्तीकी मोडल तथा हालकी फेसन व्यवसायी विपना नकर्मीले दिएकी छन् ।

सन् १९९२ बाट नेपालमा मोडलिङ व्यवसाय जानी-नजानी फस्टाएको पाइन्छ । त्यसबेला मोडलिङ गर्ने कतिपय विदेसिए त कोही यसै क्षेत्रमा कम्मर कसेर नेपाली फेसनलाई गन्तव्यमा पुऱ्याउन कसरत गरिरहेको पाइन्छ । त्यसमध्येमा कान्ता क्षेत्रीदेखि मोनिमा खड्काजस्ता हट मोडलहरूसमेतको रोजाइ फेसन व्यवसाय बनेको छ । ललितपुरको जाउलाखेलमा सन् १९९५-०९६ तिर नै बुटिक व्यवसाय सञ्चालन गर्ने काम मोडल कान्ता क्षेत्रीबाट भएको थियो । त्यसको सिको धेरै मोडलहरूबाट भएको यथार्थ स्वीकार्ने फेसन व्यवसायी राजेश धाख्वा यो व्यवसाय मोडलहरूकै कारणले फस्टाएको दाबी गर्छन् ।

पच्चीस वर्षअगाडि नै फेसन डिजाइनिङ कोर्स गर्ने नेपाली मोडलहरु विदेसिएको पनि पाइएको छ । त्यसरी विदेसिएर नाम तथा दाम कमाउन सफल नेपाली मोडल डली गुरूङ पनि हुन् । लामो युरोप बसाइपश्चात केही वर्षयता नेपाल फर्केर फेसन व्यवसायलाई नै निरन्तरता दिएकी उनी हाल बेखवर जस्तो बनिरहेकी छन् । उनकी बहिनी रचना गुरूङ शर्मा सन् १९९७ यता मिस नेपालको प्रवर्द्धनमा व्यस्त बनेकी छन् । दिदीजस्तै त्यो बेलाकी चल्तीकी मोडल रचनाले मिस नेपालको आधिकारिक कोरियोग्राफीको जिम्मा लिएयता मोडल उत्पादन गर्ने फेसन व्यवसायको अर्को पाटो सम्हालेकी छन् ।

नब्बेको दशककै चलेकी मोडल जयन सुब्बा पनि मोडल जन्माउने व्यवसायमा नै व्यस्त बनेकी छन् । सुब्बाको दि ऱ्याम्प मोडलिङ एजेन्सीबाट हजारौंलाई प्रशिक्षित पारेर मोडल बनाउने कार्य भइसकेको छ । सोही एजेन्सीसँग सरोकार राख्ने अर्की चलेकी मोडल कला सुब्बा फेसन प्रवर्द्धनका विभिन्न शोहरूमा कोरियोग्राफी तथा जजमेन्ट गर्ने फेसन व्यवसायमा नै संलग्न देखिएकी छन् ।

कुनै बेला मोडल तथा हाल गायिकाको इमेज राख्न सफल आगन्तुक खरेल पनि फेसन व्यवसायी बनेकी छन् । गायन तथा मोडलिङ सोखको विषय भए पनि जीविकोपार्जनका लागि बुटिक व्यवसाय सुरू गरेको उनले बताएकी छन् ।



तस्बीर : राजीव श्रेष्ठ

काठमाडौंको दरबारमार्गमा मिलानो नामक बुटिक सुरू गरेर फेसन व्यवसायमा लागेकी उनी विदेशमा पनि व्यवसाय विस्तार गर्ने क्रममा रहेकी छन् ।

अर्कोतर्फ नायिकामा खासै जम्न नसके पनि विशेषतः गीतका भिडियो तथा प्रडक्ट मोडलिङबाट चम्केकी मोडल सिम्पल खनालले गत वर्ष काठमाडौंको नक्सालमा बुटिक संचालनमा ल्याए पनि राम्रो व्यापार गर्न नसकेपछि उनी मोडलिङमा नै फर्केकी छन् ।



# स्मोकिङ दृश्यले तालीभन्दा बढी गाली

यो वर्षको रेकर्डेट मानिएकी मोडल नायिका निशा अधिकारीले पहिलो पल्ट आजभन्दा सात वर्षअगाडि टेलिसिरियल संस्कारमा स्मोकर मोडर्न युवतीको भूमिका गरेकी थिइन् । उक्त सिरियलका प्रायः दृश्यमा चुरोट खाने कार्य गर्दा निशालाई उक्त सिरियल हेर्ने प्रायःले आलोचना गरेको पाइयो । निशाकी नर्स आमाले समेत छोरीले पहिलो सिरियलमा नै त्यसप्रकारको भूमिका गर्दा सामाजिक लोकलज्जाले गाली गरेको निशाले अझै बिर्सेकी छैनन् । आमाले नै त्यसरी गाली गरेपछि बीचमै उक्त सिरियल छाड्न आफू बाध्य बन्नुपरेको यथार्थ उनले खोलिन् ।

निशाले सात वर्षअगाडि गरेको रोल हाल प्रायः मोडर्न युवतीहरूले वास्तविक जीवनमा नै गर्ने गरेका छन् । कलेजबाहिर तथा रेष्टुरेन्टमा मात्र नभई घरभित्र र बाहिर पनि खुलेआम चुरोट खाने युवतीहरु यत्रतत्र देखिन्छन् । त्यस चरित्रलाई सिरियलमा जस्ताको तस्तै प्रस्तुति दिंदा आलोचनाको शिकार बन्नु परे पनि नेपाली समाजको रूप हाल आएर बदलिन थालेको तर्क निशाको छ । बदलिंदोस्वरूप अनुसार बदलिन नायिकाहरूले पनि सिक्न आवश्यक भइसकेको उनको तर्क छ ।

हालसम्म नेपाली नायिकाले गर्न नसकेको विश्वको उच्चशिखर सगरमाथाको सफल आरोहण गर्ने कार्य निशाबाट भएको छ । त्यस अर्थमा पनि नेपाली फिल्मी नायिकाहरूको स्थान उचा राख्ने कार्यमा निश्चिन्त रूपमा निशाको योगदान मानिएको छ । यसलाई हरेक नेपाली नायिकाले गर्वको विषय भनेका छन् ।

आएजस्तो उनले अनुभव गरेका छन् । एल्बम निकाल्दा प्रायः गायक-गायिका तथा गीतकार एवम् संगीतकारले गीतका भिडियो बनाउँदा महँगो दररेटमा खर्च गर्नुपर्थ्यो । अब ती गीतका भिडियो बनाउनमा लगानीकर्ता देखिनु यस क्षेत्रमा लाग्ने स्रष्टाहरूका लागि खुसीको खबर अवश्य हो । यसको पूर्ण फाइदा गायिका सविना कार्कीले लिएकी छन् । दुई एल्बम 'सिमल' तथा 'सर्वदा' निकाल्दा ती एल्बमका भिडियो बनाउँदा मात्र लाखौं खर्च गर्न बाध्य बनेकी गायिका कार्कीको एक म्युजिक भिडियो निर्देशकबाट आएको त्यसप्रकारको अफरबाट सित्तैमा भिडियो बनाउन सफल बनेकी छन् । गायिका कार्कीको अनुभवमा त्यसरी भिडियो बनाउँदा गायक-गायिकाको खासै कन्सेप्ट नचल्ने रहेछ । लगानीकर्ताकै कन्सेप्ट तथा डिजाइनमा चल्नु पर्ने हुँदो रहेछ । मोडलको छनौट पनि उनीहरु आफैले गर्ने गर्दा रहेछन् । गायक-गायिकाले सेटमा गएर केवल लिप्सिङ मात्र गर्नुपर्ने हुँदो रहेछ ।

त्यसरी निर्माण हुने कतिपय गीतका भिडियो गुणस्तरीय हुने गरे पनि प्रायः व्यक्तिगत स्वार्थमा निर्माण हुने भएकोले गीतको





भाव अनुसार नहुने गरेको यथार्थ म्युजिक भिडियो निर्देशक अमृत मरहठ्ठाको छ । उनका अनुसार त्यसरी निर्माण हुने प्रायः गीतमा गीतका असली स्रष्टाको भन्दा बढी त्यसमा अभिनय गर्ने मोडलहरूको हालिमुहाली हुने गर्छ । उनीहरूकै हाउभाउ मात्र बढी हुने गर्दछ । कतिपय हाल त्यसरी निर्माण भएका भिडियोहरूमा स्रष्टाका लिप्सिङ पनि पाइँदैन । मोडलहरूको फिल्मी पाराको एकोहोरो अभिनय हुने गर्दछ ।

नयाँ ट्रेन्ड अनुसार चलेको चलनमा त्यसरी निर्माण हुने भिडियोमा बढीभन्दा बढी मोडलकै भिडियोमा अनुहार देखाउन हतार गर्ने मोडलहरूको लगानी हुने गरेको यथार्थ म्युजिक भिडियो निर्माता नवीन श्रेष्ठले खुलासा गरेका छन् । वैदेशिक रोजगारीबाट स्वदेशमा बिदा मनाउन आउनेहरूले गीतका भिडियोमा अनुहार देखाउने हतारले चर्चित गायक-गायिकाका गीतका भिडियोमा लगानी गर्ने गर्दछन् । जसमा उनीहरूकै बोलवाला तथा हाउभाउ हुने खुलासा श्रेष्ठले गरेका छन् । आफूले पनि त्यसप्रकारका केही गीतका भिडियो बनाएर स्रष्टालाई राहत पुर्‍याइसकेको उनले बताए ।

एकातिर यसप्रकारको ट्रेन्डले आर्थिक रूपमा स्रष्टालाई केही हदसम्म राहत पुर्‍याए पनि व्यावसायिक मोडलहरूलाई मार पारेको पुरानो पुस्ताकी मोडल कला सुब्बाको धारणा छ । फौबन्जार क्षणिक मोडलहरूको यसप्रकारको रबैयाले व्यावसायिक मोडलिङ धरापमा पर्ने मोडल सुब्बाको ठहर छ । अर्कोतर्फ नयाँ अनुहारका मोडलहरूमा अनुभवको लागि सित्तैमा मोडलिङ गरिदिने परिपाटी पनि रहेको छ । त्यसरी काम गर्न आफूहरूको बाध्यता रहेको नवप्रवेशी मोडल संगीता बुढाथोकीको भनाइ छ । गीतका भिडियोमा अभिनय गर्ने ठूलो चाहना भए पनि कतिपय अवस्थामा अवसर नपाइने भएकोले पनि त्यसप्रकारका संझौता गर्नुपर्ने बाध्यता रहेको उनको ठहर छ ।

*-श्याम स्मृत*



# स्कोडा र्‍यापिड



**विशेषता :** स्टार्ट एण्ड इन्ट्री सिस्टम, इलेक्ट्रिकली एड्जस्टएबल ड्राइभर एण्ड पेसिन्जर सिस्टम, फ्रन्ट सेन्टरल आम्स विथ जम्बो सेन्सर, एसी
**मूल्य :** रू. ३१ लाख ७५ हजार

नेपालमा नवधनाढ्यको संख्या वृद्धिसँगै महंगा महंगा कारहरूको विक्री पनि बढ्दै गएको छ । मोटर उत्पादक कम्पनीहरूमध्ये प्रतिष्ठित र महँगोकै सूचीमा पर्ने स्कोडा कम्पनीका विभिन्न मोडलका कारको विक्री पनि पछिल्लो समयमा बढिरहेको छ । युरोपियन देशहरु चेक रिपब्लिक, अस्ट्रेलिया, युके लगायतमा उत्पादन हुने स्कोडा कारको विक्री विश्वभर नै भइरहेको छ । हालसम्म १०० भन्दा बढी मोडलका कारहरु विश्व बजारमा ल्याइसकेको स्कोडाको ५ वटा मोडल नेपालमा भित्रिसकेको छ ।

पेट्रोल र डिजेल दुवै प्रयोग गर्न सकिने स्कोडाका नेपाल भित्रिएको कारहरूमा र्‍यापिड, सुप्रब, फबिया, यती जस्ता मोडलहरु छन् । २०१४ सम्ममा अक्टाबिया ७ ल्याउने तयारीमा रहेको र उक्त कारले यूरोपियन स्तरको सुरक्षासम्बन्धी जाँच ऐन- क्याप टेस्टमा ५ स्टार नै प्राप्त गर्न सफल भएको नेपालको आधिकारिक विक्रेता स्कोडा मेटर्स थापाथलीले जानकारी दिएको छ । त्यस्तै, २०१२ यता नयाँ मोडलको कार नभित्रिए पनि जति भित्रिएका छन् त्यसमै सुविधाहरु बढाउँदै गएको तर नामचाहिँ परिवर्तन नगरेकाले नभित्रिएको जस्तो लागेका स्कोडा मेटर्स थापाथलीका मार्केटिङ म्यानेजर केशव अर्यालले बताए ।

व्यापारिक दृष्टिकाणले हेर्दा पनि अन्य कारको तुलनामा स्कोडा कारको प्रयोगकर्ता धेरै देखिन्छन् । आफूहरूले कुनै विज्ञापन र प्रचारप्रसार नगरे पनि स्कोडा कारले राम्रो बजार लिन सक्नुको कारण यो कारमा भएका राम्रा सुविधाहरू, भरपर्दो, टिकाउयुक्त र विश्वसनीय भएको समेत मार्केटिङ म्यानेजर अर्याल दाबी गर्छन् ।

भर्खर मात्र स्कोडाको र्‍यापिड कार किनेका फुटबल खेलाडी किरण चेमजोङ आफूले खोजेजस्तो र रोजेजस्तो कार किन्न पाएकोमा दंग छन् । सानैदेखि कार किन्नमा सौखिन चेमजोङ यसमा भएको सुविधा र देख्दा नै आकर्षक भएकोले पहिलो नजरमै स्कोडाको कारमा आँखा गएको बताउँछन् । फिक्स रेटमा कार किनेको जानकारी दिने चेमजोङ अन्य कारले नदिएको खुसी स्कोडाको र्‍यापिडले दिएको बताउँछन् ।

स्कोडाको र्‍यापिड कार व्यापारिक दृष्टिकोणले अन्य मोडलको कारको तुलनामा हालसम्म सबैभन्दा बढी विक्री हुने कारको रूपमा रहेको छ । यस कारमा स्टार्ट एण्ड इन्ट्री सिस्टम, इलेक्ट्रिकली एड्जस्टएबल ड्राइभर एण्ड पेसिन्जर सिस्टम, फ्रन्ट सेन्टरल आम्स विथ जम्बो सेन्सर, एसी जस्ता सुविधाहरु रहेका छन् । यस कारको मूल्य ३१ लाख ७५ हजार तोकिएको छ ।

*- पुष्पा थपलिया*

# लक्ष्य सफल बैंकर

मेरो कलेज



संगीता श्रेष्ठ

काठमाडौंको मध्य-पश्चिम डल्लुस्थित बुद्धज्योति एकेडेमीबाट जब एसएलसी पास गरें, तब अब कलेज जान पाइने भयो भनेर अनेकन कुरा सोच्ने गर्थें। सिनेमा थियटरमा हेरेजस्तो कलेजको लाइफ स्कुलको लाइफभन्दा बिलकुलै बेग्लै रमाइलो होला भन्ने मेरो कल्पना थियो। काठमाडौं भ्याली कलेज छाउनीमा प्लस-टु पढ्न भर्ना हुँदा पहिलेको मेरो मेरो सबै कल्पना बेकार लाग्यो। प्लस-टुको एघार र बाह्र क्लासको पढाइ तथा स्टाइल अनि टाइटनेस स्कुलमा जस्तो थियो, त्यस्तै भयो। खासै फरक अनुभव भएन।

त्यसमाथि, डाक्टर बन्ने मेरो बचपनको सपनालाई पूरा गर्न सकिन्छ कि भनेर कक्षा ११ मा साइन्स लिएर पढ्ने कोसिस गरेकी थिएँ। एक महिनाको क्लास ज्वाइन गर्दा मैले साइन्सको कठिन कोर्स देखेर साइन्समा अगाडि बढ्ने मेरो क्षमता नभएको आफैलाई महसुस भयो। पछि गुल्टिनुभन्दा पहिला नै सेफली ब्रेक गर्न सकेमा राम्रो हुन्छ भन्ने सोचले व्यवस्थापनमा आईटी लिएर पढें। प्लस-टु राम्रै डिभिजनमा पास गरें।

ब्याचलरको पढाइ त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सरकारी कलेज पब्लिक युथ क्याम्पसमा भयो। तीन वर्षे बीबीएसको पढाइको क्रममा पहिलो वर्ष मुश्किलले तीन महिना कलेज गएँ। प्राइभेट कलेज तथा स्कुलको पृष्ठभूमिबाट आएको मलाई सरकारी कलेज सोचेजस्तो राम्रो लागेन। राम्रो नहुनुको एउटै कारण पढाईभन्दा बढी राजनीति तथा हडताल हुने भएकोले खासै मन परेन। त्यसबीचमा मैले बैकिङ तालिम पनि लिइसकेकी थिएँ। बनेपास्थित सिन्धु विकास बैंकमा सहायक पदमा कार्य गर्न थालिसकेकी थिएँ। यसले गर्दा मलाई कलेज जाने समय पनि मिलेन।

ब्याचलरको तीन वर्षे पढाइ प्रायः कलेजै नगइकन पूरा गरें। परीक्षाको बेलामा बढीभन्दा बढी ट्युसन पढें। ट्युसनकै भरबाट बीबीएस पास गरें। यस हिसाबले ब्याचलरको कलेज लाइफको बारेमा मलाई खासै अनुभव भएन। जति अनुभव भयो, त्यो त्यति मीठा भएन। हाल मैले एमबीए ज्वाइन गरेकी छु। काठमाडौंको बिजुली बजारस्थित फिनिक्स कलेजमा एमबीए पढिरहेकी छु।

एमबीएमा पुगेपछि बल्ल कलेज आएजस्तो अनुभव भयो। बिहान सबेरै कलेज पुग्ने र नौ नबज्दै सिन्धु विकास बैंक, बनेपा पुग्न मलाई हरेक दिन हतार हुने गर्दछ। त्यो हतारका बीचमा पनि कलेजका साथीहरूको सद्भाव, माया अनि रमाइलो गर्ने बानीले मलाई बेग्लै मज्जा लागिरहेको छ। त्यसमाथि, मेरो क्लासमा मेरो नाम र थरसँग मिल्ने साथी पनि भएकाले धेरै साथीहरु कन्फ्युज पर्ने गरेका छन्। हामी दुवैको नाम संगीता श्रेष्ठ भएकोले कलेजले हामीहरूलाई संगीता श्रेष्ठ ए र संगीता श्रेष्ठ बी नाम दिएको छ।

म अलि ढिलो ज्वाइन भएकाले होला मेरो नाम कलेजमा संगीता श्रेष्ठ बी भएको छ। ढिलै भए पनि सही समयमा सही स्थानमा पुग्ने मेरो लक्ष्य भएकोले सोही अनुरूप कार्य पनि गरिरहेकी छु। मेरो एकमात्र लक्ष्य भनेको नै सफल बैंकर बन्ने हो। त्यसको लागि कम्मर कसेरै एमबीए पढिरहेकी छु। मलाई हरदम अगाडि बढाउन प्रेरणा दिइरहनुहुने श्रद्धेय मेरा आमाबुवा, दिज्यूहरु कल्पना, कमला र सुमित्रालाई कदापि भुल्न सक्दिनँ। उहाँहरूको प्रेरणाबाट यदाकदा मलाई भ्वाइलेन बजाउन मन लाग्छ। भविष्यमा सौखिन भ्वाइलेनवादक बन्ने मेरो लक्ष्य पनि रहेको छ।

(यस स्तम्भमा आफ्ना कलेज अनुभव पठाउन कलेज अध्ययनरत विद्यार्थीलाई आग्रह गरिन्छ।)
hotdreamnepal@gmail.com

> "ब्याचलरको पढाई त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सरकारी कलेज पब्लिक युथ क्याम्पसमा भयो। तीन वर्षे बीबीएसको पढाईको क्रममा पहिलो वर्ष मुश्किलले तीन महिना कलेज गएँ।"



# फेसनेवल शहरका फेसन पारखी

■ **सोहन श्रेष्ठ**



प्रियारानी लामा, मोडल

मोडर्न, ट्रेन्डी एवं स्टाइलिस देखिन नयाँ फेसन शैली अपनाइन्छ। नयाँ पुस्ताका अधिकांश युवा फेसनेवल र स्टाइलिस देखिन चाहन्छन्। परिवर्तन र परिमार्जन फेसनको नियम नै हो। यसलाई कसैले रोक्दा न रोकिन्छ न त छेकेर नै छेकिन्छ। समयअनुसार परिवर्तित फेसनलाई सहज तरिकाले अँगाल्नु पनि पर्छ। समय अनुसारको ड्रेसअप गर्दा एउटा मानिसको व्यक्तित्वमा धेरै फरक पार्छ। पहिरन मानिसका लागि लाज छोप्ने मात्र नभई इज्जत र मानसम्मान पनि हो। त्यसैले नयाँ पुस्ताका युवायुवती फेसनमा नयाँपन र स्टाइलिस बन्न खप्पीस छन्। पैदल हिंडिरहेको बेला कसैले आफ्नो गेटअपलाई निहालिदिओस् भन्ने चाहना मनमा राखेका हुन्छन् अधिकांश युवायुवतीले। धराने युवायुवती पनि फेसनमा अगाडि छन्। त्यसैले त धरान फेसनेबल शहरको नामले परिचित छ।

धरानकी प्रोफेसनल मोडल प्रियारानी लामालाई सस्तो, राम्रो डिजाइन देखिने कपडा लगाएर फेसनको संसारमा हिंडेको मनपर्छ। प्रिया भन्छिन्- "राम्रो देखिन महँगो कपडा नै लगाउनुपर्छ भन्ने होइन, फेसन गरेर हिंड्दा सस्तो कपडामा पनि राम्रै देखिन्छ। तर कस्तो डिजाइन र रंगको कपडा लगाउने आफूले छनोट गर्ने हो। लामो समयदेखि मोडलिङ क्षेत्रमा लागेकी उनलाई भने जुत्तामा धेरै खर्च गरी फेरीफेरी लगाउन मनपर्छ। उनी भन्छिन्- 'मेरो फेसनमा यतिउति खर्च हुन्छ भन्ने लेखाजोखा नै छैन।' समयअनुसार फेसनेबल पहिरन लगाएर हिंड्ने उनी कपडा स्काइब्लु, पिंक, रातो रंगको कपडाको जिन्स पाइन्ट टीसर्ट मनपर्ने बताउँछिन्।

भर्खरै मिस पूर्वाञ्चल २०१४ विजेता नेमिता आङबुहाङलाई पनि समय अनुसार फेसन गरेर हिंडेको मन पर्छ। नेमिता भन्छिन्- 'सही तरिकाले हिंडदा साधारण पहिरन सुहाउने खालको लगाउन मन पर्छ।' मिस उर्लाबारी समेत भएकी नेमिता पनि फेसनमा यति नै खर्च हुन्छ भन्न नसकिने बताउँछिन। यसैगरी धरानकी मोडल तथा चिकित्सक डा. एलिसा बनेम मन परेको डिजाइनमा खर्च गर्दा पैसाको मुख नहेरिने भए पनि महंगो कपडा मात्र छनोट गर्नुपर्छ भन्ने छैन भन्छिन्। एलिसा भन्छिन्- 'म समय हेरी फेसन गर्छु, सस्तो मूल्यमा आफूलाई सुहाउने डिजाइन भएको पहिरन लगाउन मन पराउँछु। 'मिस लिम्बु'समेत भएकी डा. एलिसा भन्छिन्- 'धेरैजसो बाहिर देशबाट कपडा आउँछ, त्यसैले त्यति धेरै कपडा किन्नुपरेको छैन, तर कुनै डिजाइन राम्रो लाग्यो भने किनी पनि हाल्छु।'



डा. एलिसा बनेम
मोडल तथा चिकित्सक

तस्वीर : सोहन श्रेष्ठ




# मिस पूर्वाञ्चल
# किताबको कीरो



तस्वीर : सोहन श्रेष्ठ

मिस पूर्वाञ्चल २०१४ प्रतियोगितामा प्रमुख निर्णायकको प्रश्नमा उनले भनेकी थिइन्- 'मुलुकलाई सवल र सशक्त बनाउनतर्फ लाग्ने र युवा तथा महिलालाई सशक्तिकरण गर्दै राष्ट्रको विकासमा सहभागी गराउने छु । हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने ?' आखिर यही उत्तर नै उनलाई ताज जिताउन सफल भयो । मिस पूर्वाञ्चल २०१४ को उपाधि हासिल गरेकी नेमिता आङबुहाङ मोरङ उर्लाबारी राजघाटकी हुन् । बुबा सन्तकुमार सुब्बा र आमा अन्जुकुमारी सुब्बाको कोखबाट जन्मेकी उनी घरकी कान्छी छोरी हुन् ।

दमक मल्टीपल कलेजमा बिएस्सी पढ्दै गरेकी नेमितालाई यतिबेला चटारो छ । कलेज जानु त छँदै छ, त्यसपछि आफूमा आएको जिम्मेबारीलाई आत्मसाथ गर्दै अगाडि बढ्नु छ । मिस पूर्वाञ्चलको ताज पहिरिएपछि उनमा थप जिम्मेबारी आइपरेको हो । भन्छिन्- 'मिस पूर्वाञ्चल भएपछि सबैले चिन्दा रहेछन्, कार्यक्रममा बोलाउँछन्, जानै पर्छ ।' सुन्दरीको ताज पहिरिएपछि दिनचर्या फेरिएको छ उनको । २० वर्षीया नेमितालाई कला क्षेत्र मन परे पनि फिल्म खेल्ने इच्छा भने नभएको बताउँछिन् । भन्छिन्- 'कला मनपर्छ, फिल्म पनि हेर्छु तर मलाई फिल्म खेल्न इन्ट्रेष्ट भने छैन । नेमिता आफ्नो जिम्मेवारीप्रति दृढ छिन् । त्यसैले महिलालाई लक्षित गरी काम गर्ने इच्छा रहेको बताइन् । यति मात्र होइन उनलाई मिस पूर्वाञ्चल आयोजकले सपोर्ट गरे टुरिजमको क्षेत्रमा काम गर्ने उनको ठूलो सपना रहेको छ । भन्छिन्- 'आयोजकले मलाई सहयोग गरे म नेपालको टुरिजम क्षेत्रको प्रचार गर्ने छु ।' उनले भविष्यमा भने वातावरणविद् बन्ने लक्ष्य लिएकी छिन् । मिस उर्लाबारीसमेत भएकी उनलाई पहिरनमा रातो रंग मन पर्छ भने पार्टीतिर जाँदा क्याजुअल ड्रेस रूचाउँछिन् । धेरै किताब पढ्न मन पराउने नेमितालाई खासगरी आत्मकथाको किताबमा बढी रूचि छ ।



# यौनजिज्ञासा निवारणका सहजकर्ता

- 'हाम्रो बिहे भएको अहिले ६ वर्ष भयो । मेरा श्रीमान् आजभोलि हरेक दिन ढिला आउनुहुन्छ । बिहे भएदेखि तीन वर्षसम्म उहाँमा अत्यधिक यौनचाहना थियो तर उहाँ आजभोलि यौनसम्पर्कमा रूचि राख्नुहुन्न । उपचार गराउन जाउँ भन्दा पनि मान्नुहुन्न । उहाँलाई के भएको हो डाक्टरसाब ? यसको समाधान कसरी हुन सक्छ ?' ललितपुर कुमारीपाटीबाट गीता श्रेष्ठले क्यापिटल एफएमको यौनस्वास्थ्यसँग सम्बन्धित चर्चित कार्यक्रम मधुरात्रिमा फोन गरेर प्रश्न राखिन् । राति ९ बजेबाट प्रसारण हुने मधुरात्रि कार्यक्रममा श्रोताका जिज्ञासा मेटाउन आएका डा. समन रूपाखेतीबाट उनले  तुरून्तै जवाफ पनि पाइन् ।

- 'म मेरो ब्वाई फ्रेन्डसँग डेटिङमा गएकी थिएँ, उसले मलाई किस गरेको थियो, डाक्टर साब म प्रिग्नेन्ट हुन्छु कि हुन्न ?' रेडियो कान्तिपुरको कार्यक्रम टक द टकमा आएको यस्तो प्रश्नको पनि विज्ञ चिकित्सकबाट चित्तबुझ्दो जवाफ पाएपछि प्रश्नकर्ता ढुक्क बनेकी थिइन् ।

**■ शम्भु दंगाल**

एफएम रेडियो प्रसारण सुरू भएको दुई दशकमा फरक फरक धारका रेडियो कार्यक्रमहरु स्थापित एवं लोकप्रिय भइरहेका छन् । एफएमका चर्चित कार्यक्रममा यौनसँग सम्बन्धित कार्यक्रम अग्रपङ्तिमा आउँछ । काठमाडौंका करिब आधा दर्जन एफएम स्टेशनले अहिले यौन तथा प्रजनन् स्वास्थ्यसँग सम्बन्धित रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरिरहेका छन् भने एउटा टेलिभिजन च्यानलले यस किसिमको कार्यक्रम संचालन गरिरहेको छ । यी कार्यक्रमहरूको सिको गर्दै मोसफलका रेडियोहरूले पनि यस किसिमका कार्यक्रम प्रसारण सुरू गरेका छन् ।

विद्यालयका पाठ्यक्रममा यौन स्वास्थ्यसँग सम्बन्धित रहेको थोरै सामग्री पनि शिक्षकले साम्रोसँग पढाइदिँदैनन् । यौनस्वास्थ्य र यौनजीवनका बारेमा मानिसहरुमा अनगिन्ती कौतुहल, जिज्ञासा र भ्रम छन् । विशेष गरी यौनस्वास्थ्य र यौनजीवनका समस्या तथा जिज्ञासा फोन, एसएमएसमार्फत लिएर तत्कालै सम्बन्धित विशेषज्ञबाट जवाफ पाइने भएपछि यस किसिमका कार्यक्रममा श्रोताको सहभागिता पनि अत्यधिक हुने गरेको छ ।

## अनौठा जिज्ञासा

रेडियो कान्तिपुरको कार्यक्रम टक द टकका प्रस्तोता राजेश पाण्डेले कार्यक्रमको क्रममा श्रोताका सुन्दै अनौठा लाग्ने जिज्ञासा पनि आउने गरेको बताए । नेपाली समाज यौन तथा प्रजनन स्वास्थका बारेमा नखुल्दाको परिणामस्वरुप सामान्य विषयमा पनि ठूलो भ्रम समाजमा व्याप्त रहेको उनको धारणा छ । यौनका बारेमा रहेका भ्रम हटाउन र जिज्ञासा मेटाउन राजेशले कान्तिपुर एफएममा यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम 'टक द टक' संचालन गर्न थालेको छ वर्ष बितिसकेको छ । स्टेशनमा भएका भन्दा फरक धारको र श्रोताको दैनिक जीवनलाई सहयोग पुर्‍याउने किसिमको कार्यक्रम खोज्ने क्रममा यो कार्यक्रम जन्मिएको राजेश बताउँछन् । "समाजमा जरा गाढेर रहेको समस्यामा कम्तिमा कुराकानी होस्, समस्याका बारेमा कम्तिमा समाज खुलोस्, सम्बन्धित विशेषज्ञले समस्याको समाधान दिन सकुन्, समाज स्वस्थ रहोस् भन्ने उद्देश्यले रेडियो कार्यक्रम गरेका थियौं, हामी निश्चय नै एउटा सफलताको तहमा पुगेका छौं", उनले भने ।


• राजेश पाण्डे
रेडियो कान्तिपुर
कार्यक्रम टक द टक

कार्यक्रम सुरू गर्दा गलत धारणा राख्ने महिला साथीहरु बिहेपछि कार्यक्रमले आफूलाई अत्यन्तै सहयोग पुर्‍याएको, यौन तथा प्रजनन स्वास्थ्यका बारेमा शिक्षा पाएको भन्ने गरेको रोचक अनुभव पनि उनीसँग छ । उनको कार्यक्रममा हजारौं श्रोताले पठाएको एसएमएसको आधारमा डा. खेम कार्कीले अहिले यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा अनुसन्धान पनि गरिरहेका छन् ।

अहिले उनको कार्यक्रममा विशेषज्ञका रुपमा डा. खेम कार्की र डा. अनिलकुमार दास रहने गर्छन् । एउटा कार्यक्रममा टेलिफोन लिएको तर रेडियोमा श्रोताको प्रश्न प्रसारण गर्न नसकिने खालको आएपछि एसएमएस मात्र लिएको उनी बताउँछन् ।

## अधिकांशको यौनजीवन कुन्ठापूर्ण



• नम्रता भट्टराई
क्यापिटल एफएम
कार्यक्रम मधुरात्री

'हजुर मेरो शीघ्र स्खलनको समस्या छ, म के गरूँ ?'

'मेरो महिनावारी ठीक समयमा हुँदैन, तल्लो पेट असाध्यै दुख्छ, यस्तो किन हुन्छ ?'

क्यापिटल एफएमकी चर्चित कार्यक्रम प्रस्तोता नम्रता भट्टराईले उनको लोकप्रिय कार्यक्रम मधुरात्रिमा श्रोताका यी र यस्तैखाले यौनसँग सम्बन्धित जिज्ञासा एवं समस्या सुन्दै सम्बन्धित डाक्टरलाई स्टुडियोमा प्रत्यक्ष राखेर समाधान गराउँछिन् । ३ वर्ष अवधिमा हजारौं जिज्ञासाको उत्तर दिलाउन सहयोग पुर्‍याएको उनी बताउँछिन् । उनको कार्यक्रममा श्रोताले आफ्ना यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्या खुलस्त सुनाउन सक्छन् र त्यसको तत्कालै उत्तर पनि पाउँछन् ।

पहिला रेडियो तथा टेलिभिजनमा यौनस्वास्थ्य सम्बन्धी कार्यक्रम प्रसारण हुँदा त्यसलाई एकदमै नकारात्मक रुपमा लिने नम्रताले कसरी फेरि यही प्रकृतिको कार्यक्रम संचालन गर्न थालिन त ? "क्यापिटल एफएममा जब म अन्तरवार्ताका लागि गएँ, अन्तरवार्तामा मैले विगतमा संचालन गरेका कार्यक्रमका बारेमा सोध्दै यौनस्वास्थ्यसँग सम्बन्धित कन्सेप्टमा कार्यक्रम गर्न सक्नुहुन्छ भनेर सोधियो । यस विषयमा खासै केही थाहा नभएकोले मलाई सुरूमा त अनौठो पनि लाग्यो । तर मैले गर्न सक्छु भनेँ अनि डा. बद्रीप्रसाद भट्टराईको सल्लाह र सहयोग लिएर कार्यक्रम सुरू गरेँ", उनी भन्छिन् ।

मानिसको मनभित्र गुम्सिएका कुन्ठा, पीडा र समस्याहरूलाई रेडियोको माध्यमबाट प्रत्यक्ष समाधान गर्न सक्ने भएकोमा एक किसिमको गर्व लागेको उनी बताउँछिन् । तर कार्यक्रमको सुरूवाततिर भने धेरै



■ डा. समन रुपाखेती

यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा ५ वर्षअघि काम सरु गर्दा पूरै बन्द रुपमा रहेको समाज पहिलको तुलनामा खुलेको छ । कतिसम्म भने महिलाहरूले रेडियोमा फोन गरेर आफ्नो लोग्नेको समस्याका बारेमा समेत सोध्ने गरेका छन्, यसले के देखाउँछ भने अब महिलाहरु पनि आफ्नो मात्र हैन लोग्नेको यौन समस्याको उपचार खोज्न पनि अघि बढेका छन् । यसले पुरूषको तुलनामा महिलाहरु बढी खुल्न थालेका छन् भन्ने देखाउँछ । समाजिक विकासको दृष्टिकोणबाट हेर्ने हो भने पनि यो निकै सकारात्मक कुरा हो । नेपालमा यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा पहिलो पटक डा. सुबोधकुमार पोखरेलले माता मनकामना आरोग्य केन्द्रमा उपचार तथा परामर्श सुरु गरेका थिए । केन्द्रको स्थापनासँगै यौन स्वास्थ्यलाई खुल्ला गर्न आम संचारमाध्यमको प्रयोग गर्दै हामी अघि बढिरहेका छौँ । यौनका विषयमा खुल्ने सन्दर्भमा त मिडियाले उथलपुथल नै ल्याएको छ । हामीले रेडियो तथा टेलिभिजनको लाइभ कार्यक्रममा रहँदा मैले पाएको समस्यामा यौन अंगसँग सम्बन्धित समास्या, यौनरोगसँग सम्बन्धित समास्या, यौनअंगमा सामान्य इन्फेक्सन सम्बन्धी समास्या, महिलामा सेतो पानी बग्ने समस्या, निसन्तानपनसँग सम्बन्धित समस्याहरु आउँछन् । अधिकांश नेपाली पूरूषहरु शीघ्र स्खलन र लिङ्ग छोटो भएको गुनासो गर्छन् जुन मनोवैज्ञानिक समस्या मात्र हो ।

**डा. रुपाखेतीको अनुभवमा प्रश्न गर्ने श्रोता/दर्शकमा**

- ६०-७० प्रतिशत जति साँच्चिकै समस्या भएका
- १५-२० प्रतिशत मनोरञ्जनका लागि
- १०-१५ प्रतिशत डाक्टरले कसरी समाधानको उपाय बताउँछ भन्ने जाँच्नका लागि फोन गर्ने गर्छन् ।

मेहनत गरेको उनी बताउँछिन् । "यौन विशेषज्ञ डाक्टरहरूसँग दैनिक भेटघाट, यौनस्वास्थ्य र यौनजीवनसँग सम्बन्धित पाएजति पुस्तकहरूको अध्ययन गर्नुपर्‍यो", उनी भन्छिन् ।

सुरुमा त डाक्टरसँग प्रश्न राख्दा निक्कै लाज लागेर धेरै कार्यक्रम पनि बिगारेको अनुभव छ उनीसँग । एक त उनीसँग यस सम्बन्धी कुनै ज्ञान थिएन, अर्कोतिर कार्यक्रम सुनिसकेपछि, परिवार आफन्त र चिनेजानेका साथीभाइले के भन्लान् भन्ने पिरलो पनि उत्तिकै थियो । अहिले कामसूत्र, सेक्स गाइड भन्ने पुस्तक पढिरहेकी उनले कार्यक्रम राम्रो बनाउनका लागि धनवन्तरी अस्पतालका डाक्टरसँग यससम्बन्धी निकै सल्लाह सुझाव लिएको बताउँछिन् । "अहिले त कहिकाही कार्यक्रममा विशेषज्ञ डाक्टर उपस्थित नभएको बेला पनि श्रोताका यौनजीवनका सामान्य समस्याको समाधानको उपाय बताउन सक्ने भएकी छु", उनी बताउँछिन् । कार्यक्रम सुरु भएको समयदेखि अहिलेसम्म १० हजारभन्दा बढी एसएसएस आएको तर अहिलेसम्म सबैको जवाफ दिन नभ्याएको जानकारी उनी दिन्छिन् । कार्यक्रम मधुरात्रि सञ्चालन गर्न थालेपछि धेरै किसिमका र अचम्मलाग्दा मान्छेका स्वभाव र यौन समस्याहरु उनले थाहा पाएकी छन् । उनी भन्छिन्- 'मानिसहरु अझै पनि यौनका बारेमा खुल्न चाहँदैनन् यद्यपि उनीहरूको यौनजीवन र भित्री पाटो भने निराशा, कुन्ठा र समस्याले भरिपूर्ण भएको पाएँ मैले ।'

## कार्यक्रम चलाउँदा बोली लरबरिन्थ्यो

हरेक दिन राति १०:३० बजेदेखि ११ बजेसम्म नेपाल वान टेलिभिजनमा उनको यौनस्वास्थ्य तथा यौनजीवनसँग सम्बन्धित कार्यक्रम प्रसारण हुने गर्छ । सुरूको बेला साथीहरूले उनलाई जिस्काउने गर्थे, 'यस्तो कार्यक्रम चलाउन अप्ठयारो लाग्दैन ?' कतिपय आफन्तहरु पनि भन्थे- 'किन चलाउनुपर्‍यो यस्तो कार्यक्रम, फेरि राति राति हिंड्नु पर्छ, रिक्स हुन्छ ।' धेरथोर आलोचना पनि नभएका होइनन् । तर धेरैजसो आफन्तहरूको सहयोग, आमाको दिएको प्रेरणा र हौसलाबाट शेली रेडियो तथा टेलिभिजनका यौनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा मज्जैले जम्न पुगिन् । अर्कोतिर राईहरूको समाजिक संस्था किरात-राई यायोख्खाका पदाधिकारीहरूले पनि राई चेलीले समाज सुधारमा कदम चालेको भन्दै हौसला प्रदान गरे ।

रेडियो र टेलिभिजन दुवै प्रसारण माध्यमबाट यौनस्वास्थ्य र यौनजीवनका बारेमा कार्यक्रम प्रस्तुत गर्दा सुरुमा निकै गाह्रो भएको अनुभूति छ शेलीसँग । कार्यक्रम सुरूवात गर्दाको विगत यसरी सम्झन्छिन् उनी- "कार्यक्रम चलाउन आँट त आयो तर कसरी बोल्ने होला, कसरी शब्द प्रयोग गर्ने, कलरहरूले बोल्दा त्यसलाई कसरी ह्यान्डिल गर्ने होला भन्ने कुराले निकै सतायो । कार्यक्रमका सुरुका दिनमा डर लागेर खुट्टा काम्नेदेखि बोलीमा पनि असर पुग्थ्यो ।" उनको लोकप्रिय कार्यक्रम रात परेपछिमा यौन समस्या तथा जिज्ञासाका लागि दैनिक हजार पन्ध्र सय एसएमएस आउने तथा उठाइनसक्नु गरी फोन कल आउने गरेको उनी बताउँछिन् ।

"मान्छेमा कत्ति धेरै समस्या छ, जिज्ञासा छ, तर पनि किन लुकाउँछन् अनि डराउँछन् फेरि ?" धेरैको जिज्ञासा समाधान गराएकी उनले यसको उत्तर पाउन सकेकी छैनन् । अहिले उनको कार्यक्रममा महिला र पुरूष बराबरी रुपमै समस्या राख्ने गर्छन् ।



• शेली राई
नेपाल वान टेलिभिजन
कार्यक्रम रात परेपछि



■ डा. बद्रीप्रसाद भट्टराई

मेले ४ वर्षअगाडिदेखि नेपाल वान टिभी रात परेपछि र अन्य एफएम रेडियोको कार्यक्रममा सहभागिता जनाइरहेको छु । प्रसारण माध्यममा श्रोताले बढी राख्ने जिज्ञाशामा महिलामा सेतो पानी बग्ने, महिनावारी गडबडी सम्बन्धी समस्या धेरै छन् । पुरूषमा भने शीघ्र स्खलन, लिङ्ग कडापन नहुने लगायतका समस्या बढी आउँछन् । कोही आफ्नो श्रीमान् आफूबाहेक अरूसँग पनि यौनसम्बन्धमा रहेकाहरु आफ्नो यौनाङ्गमा सामान्य केही फरकपन देखिदैमा आत्तिने गरेको समस्या पनि आउँछन् । धेरैजसो शारीरिक जस्तो भए पनि मनोविज्ञानसँग जोडिएका समस्याहरु बढी आउँछन् । सन्तान उत्पादन गर्ने क्षमता बढी रहेको उमेर समूहबाट बढी समस्या आउने गर्छ । तर बच्चा देखी बुढा सबै उमेर समूहबाट यौन स्वास्थका बारेमा जिज्ञासा आउँछन् । यस प्रकारका कार्यक्रमबाट यौनका विषयमा रहेको भ्रमलाई चिर्न सफल हुँदै गएका छौं । पहिला पहिला जस्तो अहिले मानिसहरु यौन समस्या राख्न लजाउँदैनन् ।

विराटनगरको स्काई एफएमबाट ७ वर्षअघि मिडिया क्षेत्रमा प्रवेश गरेकी शेली अब नमरूजेन्जेल यस्तै कार्यक्रम चलाउने उद्देश्य राखेको बताउँछिन् । सन् २०१२ मा मिस राईको फस्ट रनरअप, मिस ट्यालेन्ट, जितेकी शेली अहिले एमएड् तहमा अध्ययन पनि गरिरहेकी छन् ।

अहिलेसम्म उनको कार्यक्रमका लागि आएका एसएमएस लाखौं पुगिसके । कार्यक्रमबाट धेरै फाइदा पुगेको भन्दै फोन आउने, कतै भेटेको बेला पनि मानिसहरूले खुसी व्यक्त गर्ने गरेकोले उनी प्रफुल्लित छिन् । तर पनि उनलाई हरेक समय एउटा कुराचाहिँ अचम्म लाग्दो रहेछ । "करिब एक घन्टा कार्यक्रमका क्रममा स्टुडियोभित्र रहँदा श्रोता, दर्शकको कुरा सुन्दा यौनस्वास्थ्य र यौनजीवनबारे नेपाली समाज धेरै खुल्दै गएको जस्तो लाग्छ तर फेरि समाजमा जाँदा, मान्छेको प्रवृत्ति हेर्दा समाज जस्ताको तस्तै छ भने जस्तो लाग्ने गर्छ", उनी भन्छिन् ।

## नेपालीहरूको प्रमुख यौन समस्या

आरजे राजेश पाण्डे भन्छन्- "यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा सबैभन्दा ठूलो समस्या भनेकै शङ्का तथा उपशङ्का हो । सानो केही समस्या भयो भने पनि त्यसलाई ठूलो बनाउने, बढीजस्तो किशोर किशोरीमा एकअर्काप्रति आकर्षण बढ्यो भने पनि आफूमा केही समस्या पर्‍यो कि भनेर डराउने समस्या छ, यस्ता खालका असाध्यै धेरै समस्या छन् ।" विवाह भएकाहरूमा श्रीमान् श्रीमतीसँग नखुल्ने, श्रीमती श्रीमान्सँग नखुल्ने किसिमका समस्याहरु पनि उनको कार्यक्रममा बढी नै मात्रामा आउने गरेका छन् ।

यता नम्रता भट्टराई भन्छिन्- "मेरो कार्यक्रममा श्रोताले बढीजसो हस्तमैथुनका विषयमा, शीघ्र स्खलनका समस्या, श्रीमतीले यौनमा रूचि नदेखाएको, लिङ्गको साइजको आधारमा चिन्ता, यौनअङ्गको विकास नभएको जस्ता समस्या राख्ने गरेका छन् । महिलाहरूमा महिनावारी गडबडीका र पाठेघरसम्बन्धी बढी समस्या आउने गर्छन् भने किशोरीहरूको भने पहिला केटा साथीसँगको यौनसम्बन्ध विवाहपछि लोग्नेले थाहा पाउँछ कि पाउँदैन भन्ने प्रकारका जिज्ञासा पनि बढी आउने गरेका छन् ।"

## यौनबारे खुल्दै छ समाज

यौनका मामिलामा नेपाली समाज विस्तारै खुल्ने क्रममा छ । आमसंचार माध्यममा भएको विकासका कारण यसमा प्रभाव परेको हो । पाँच वर्ष अगाडिसम्म लुकाइने विषयको रूपमा रहेको यौन र यौनजन्य रोगहरूबारे अब आमसंचार माध्यमबाट प्रसारण हुन थालेपछि यसबारेमा चेतना बढेको यौनरोग विशेषज्ञ डा. समन रूपाखेती बताउँछन् । विभिन्न विद्युतीय संचार माध्यम रेडियो र टिभीमा यौन र यौन समस्याका बारेमा कार्यक्रम उत्पादन र प्रसारण गर्न थालेपछि आम मानिस यसबारे खुलेरै कुरा गर्न सक्ने भएका उनको बुझाइ छ ।

## मिडियाको भूमिका

मानिसको यौन संवेदनशीलतालाई कतिपय मिडियाले दुरुपयोग गरिरहेको डा. बद्रीप्रसाद भट्टराई बताउँछन् । दैनिक पत्रिकाहरूमा चिकित्साशास्त्रसँग सरोकारै नराख्नेहरूहरूले यौन समस्या समाधान गर्ने अचुक औषधिको नाममा विज्ञापन छापिने गरेको र पीडितहरूले फजुलमा लाखौं रकम गुमाउने गरेको एउटा नराम्रो पाटो रहेको उनी बताउँछन् । तर अहिले मानिसहरु यौन समस्याका विषयमा खुलेर आउनुमा मिडियाको ठूलो भूमिका रहको उनको ठम्याइ छ । गुप्ताङ्गमा सामान्य फोहोरका कारण इन्फेक्सन देखिंदा मान्छे एचआइभी लाग्यो भनेर चिन्ताले आत्महत्याको अवस्थासम्म पुग्छ भने मिडियाबाट त्यो कुरा सामान्य भएको र यसरी उपचार गर्ने भन्ने सुझाव पाउँदा त्यसले सकारात्मक प्रभाव छोड्ने डा. भट्टराई बताउँछन् । डा. समन रूपाखेतीको बुझाइमा पनि यौनका विषयमा आम मानिसलाई बुझाउन आमसंचारमाध्यमले ज्यादै ठूलो भूमिका खेलेको छ । उनी भन्छन्- "हस्तमैथुनका बारेमा मानिसमा अझै नकारात्मक धारणा छ, हस्तमैथुन नगर्ने हो भने समाजमा यौन हिंसामा बृद्धि हुन्छ, यसबारे पारिवारिक रूपमा जानकारी गराउनु पर्छ ।" अहिले समाजमा यसबारे जति चेतना छ, त्यसको कारण मिडिया र यौनसँग सम्बन्धित चिकित्सक रहेको डा. रूपाखेती बताउँछन् ।

यस्तै आर.जे, राजेश पान्डे भने विभिन्न मिडियामा प्रस्तुत भएका यस सम्बन्धी कार्यक्रमहरूमा गरिने शब्द प्रयोगप्रति असन्तुष्ट छन् । उनी भन्छन्- 'यस्तो किसिमको कार्यक्रम अत्यन्तै संवेदनशील कार्यक्रम हो, शब्दको चयन गर्दा हरेक शब्दको बिकल्प हुन सक्छ, शब्द चयनमा लापरवाही भयो भने कार्यक्रम भद्दा हुन्छ । विषयको प्रस्तुतीकरण राम्रोसँग गर्‍यौं र समस्या समाधानका उपाय बतायौं भने कार्यक्रम प्रस्तोता र श्रोता दुवैका लागि सभ्य, शालीन र फाइदाजनक हुन्छ ।'


राष्ट्रिय दैनिक
कमाण्डर पोष्ट
प्रस्तुत गर्दछ
ग्राहक बन्नुहोस् र तुरून्तै भित्तेघडी उपहार प्राप्त गर्नुहोस्
त्यति मात्र कहाँ हो र !
हरेक हप्ता
लक्की ड्र गरी
२ जना वार्षिक
ग्राहकलाई १/१ थान
लाल्टीन उपहार ।
प्रथम पुरस्कार
पल्सर बाईक १५० सि.सि.
१ जनालाई
द्वितीय पुरस्कार
ल्यापटप
१ जनालाई
तृतीय पुरस्कार
२१ ईन्च
कलर टिभि
१ जनालाई
सान्त्वना पुरस्कार
मोबाईल सेट
१० जनालाई
ग्राहक दर
वार्षिक - रू. १५००/-
अर्ध वार्षिक - रू. ८००/-
त्यसैले निम्न ठेगानामा सम्पर्क
गरी आजै ग्राहक बन्नुहोस ।
* यो योजना २०७० चैत्र मसान्त सम्म कायम रहनेछ ।
सम्पर्क ठेगाना
युग पब्लिकेशन प्रा.लि.
पुतलीसडक, काठमाडौ, फोन: ४४४०३५० (Ext 35) /०१-२२१२२२३

Wide coverage of more than 20 districts from Himal to Terai




Coverage beyond border via www.cfmonair.com with 100,000 listeners/visitors.

capitalFM™ 92.4 cent percent yours.....

P.O.Box.11276
Thapagaun, New Baneshwor, Kathmandu
Ph.01-4475345/01-4475346
Email: info@cfmonair.com

# नवीनको परिवार प्रेम

अवैध र अखाद्य घरेलु मदिरा जफत भएका र त्यस्ता मदिरा सेवनबाट मानिसहरु बिरामी परेका अनि मृत्यु नै भएको समाचार मिडियामा प्रायः आइरहन्छ । आजभन्दा २० वर्षअगाडि यस्तो समस्या झन् भयावह थियो । नेपाली समाजमा घरेलु मदिराले मदिरा व्यवसायमा नकारात्मक सन्देश फैलाइरहेको त्यो बेला यो व्यवसायमा व्यापक चुनौती रहेको थियो । त्यो चुनौतीलाई स्वीकार गर्दै सम्पूर्ण रूपमा मदिरा व्यवसायमै होमिन ठूलै साहसको आवश्यकता पर्थ्यो । सानैदेखि चुनौतीपूर्ण र फरक किसिमको काम गर्न रूचाउने नवीनलाल श्रेष्ठले आफ्नो पारम्परिक व्यवसायबाट अलिकति अलग भई सम्पूर्ण रूपमा मदिरा व्यवसायमै होमिने निर्णय गरेका थिए । त्यो साहसपूर्ण निर्णयले उनलाई अहिले यो क्षेत्रको उचाइमा पुऱ्याएको छ ।

पशुपति क्याम्पस चाबहिलमा मर्निङ क्लास ज्वाइन गरी आइकम सकाएर त्यसरी नै मीनभवन क्याम्पसबाट बीकम पास गरेका श्रेष्ठको लागि मदिरा व्यापार र पढाइलाई निरन्तरता दिन कठिनाइ भए पनि सहज रूपमा पार गर्न उनी सफल बने । काठमाडौंको साँखुस्थित पुखुलाछी गाविसमा ३८ वर्षअघि जन्मेका मदिरा व्यवसायी श्रेष्ठको पारिवारिक पृष्ठभूमि साना किराना व्यवसाय हो । २०४९ सालमा साँखुको भाग्योदय माध्यामिक



तस्वीर : आशाकाजी महर्जन



विद्यालयबाट एसएलसी पास गरेपछि पिताले गर्दै आएको परम्परागत किराना व्यापारमा नयाँ मोडको खोजीमा लागेका उनले मदिरा व्यवसायलाई नै रोजे ।

२०५४ सालमा मीनभवन कलेजकै सहपाठी अनितासँग प्रेम-सम्बन्ध कायम भयो । प्रेममा लामो समय नअल्झी सोही वर्ष बिहे गरेका उनी हाल १३ वर्षकी छोरी र ९ वर्षका छोराको जिम्मेवार पिता बनिसकेका छन् ।

छोरा-छोरी र जीवनसंगिनी अनितालाई जस्तोसुकै व्यस्त भए पनि समय दिन नचुकेको उनी बताउँछन् । 'यति धेरै चुनौतीका साथ दुःख गरेर व्यापार-व्यवसाय गरिरहेको छु । त्यो सबै परिवार र सन्तानकै लागि हो । उनीहरूको लागि कमाउने कार्य गरिरहेको छु भने उनीहरूलाई टाइम दिएर खुसी तुल्याउन पनि सक्नुपर्दछ', परिवारप्रतिको जिम्मेवारीबारे उनी सचेत छन् ।

उनी संयुक्त परिवारमा नै छन् । तीन दाजुभाइमा कान्छो उनी सबै परिवार सगोल भएर पनि मिलेर बस्न सक्नुमा सबै जना काममा व्यस्त बनेर पनि हो भन्छन् । 'कोही खाली त कोही व्यस्त भएको भए अवश्य पनि मेरो परिवारमा विखण्डन आइसकेको हुन्थ्यो होला', उनी भन्छन्- 'मेरो सफलताको पछाडि मेरो परिवारको ठूलो साथ र हात छ ।'

नेपालमा केही समययता मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेहरूलाई प्रहरीले कारबाही सुरू गरेपछि मदिरा व्यापारमा व्यापक असर परेको छ । यसको प्रत्यक्ष असर स्वरूप तथा सरकारमा जाने करमा पनि भारी कटौती भएको छ । मापसे चेकिङ सुरू हुनुअघि मदिरा व्यवसायीहरूले विविध करसहित राज्यलाई दैनिक आठ करोड बुझाउने गरेकोमा हाल आधा कटौती भएर चार करोडमा सीमित हुन पुगेको छ । यसो हुनुमा मापसे प्रमुख कारक देखिए पनि राजनीतिक अस्थिरता तथा सरकारको स्पष्ट मदिरा नीति नहुनुले भूमिका निर्वाह गरेको श्रेष्ठको दाबी छ ।

दुई दशकदेखि मदिरा व्यवसायमा क्रियाशील अध्यक्ष श्रेष्ठ मदिरा व्यवसायीहरु अत्यन्त मर्यादित रहेको र राज्य तथा सरकारलाई सर्वाधिक कर बुझाउने वर्ग भए पनि सौतेलो व्यवहार भइरहेको दुखेसो पोख्छन् । सडक दुर्घटना बढेको भनेर मापसे चेकिङमा सरकारले कडाइ गरेपछि मापसे गरेर सवारी चलाउने प्रवृत्तिमा कमी भएको छ । प्रहरीले मापसे चेकिङकै कारण सडक दुर्घटनामा कमी आएको तथ्याङ्क सार्वजनिक गर्ने गरेको भए पनि यसलाई स्वीकार्न श्रेष्ठ तयार छैनन् ।

"सडक दुर्घटना हुनुमा मापसे मात्र अवश्य कारक होइन । अनियन्त्रित भएर सवारी हाँक्ने तन्नेरी समुदाय तथा अनेकन किसिमका अनियन्त्रित सवारी साधन र अव्यवस्थित सडक एवम् ट्राफिक व्यवस्था पनि हो", अध्यक्ष श्रेष्ठ भन्छन्- "युरोपमा प्रतिघण्टा एक बोतल ३३० एमएलको बियर वा ६० एमएलको व्हीस्की वा वाइन एक गिलास पिएर सवारी चलाउन छुट छ । युरोपमा त्यहाँको सरकारले दिएको जस्तो त्यसप्रकारको छुट यहाँ पनि दिइनु आवश्यक छ । एकोहोरो मापसेलाई कडाइ गर्नु ठीक होइन ।"

काठमाडौंको जोरपाटीमा बेग्लै पहिचानसहितको उनको मदिरा व्यवसाय रहेको छ । त्यसको अलावा मदिरा व्यवसायीहरूको हक-हितको लागि २०५३ सालदेखि नेपाल मदिरा व्यवसायी महासंघको संस्थापक सदस्य भएर महासंघमा दुई कार्यकाल उपाध्यक्ष भएपछि उनलाई अध्यक्ष हुने बाटो खुलेको हो । २०७० साल जेठ २ गते भएको महासंघको चुनावमा अध्यक्ष बनेका उनको महासंघमा ठूलो जिम्मेवारी छ र त्यसलाई उनले बहन गरिरहेका छन् ।

निजी व्यवसायको अलावा उनले अधिकांश समय महासंघमा दिने गरेका छन् । मुलुकभर ४६ हजार मदिरा व्यवसायी भए पनि महासंघमा २२ हजार व्यवसायीलाई समेट्ने कार्य भएको छ । सबैलाई एउटै छातामुनि ल्याएर अझ व्यवस्थित र मर्यादित बनाउने लक्ष्य लिएका उनी लिमिटेसनमा मात्र मदिरा पिउँछन् । हरेक कुराको लिमिट हुन्छ । लिमिटमा मदिरा सेवन गर्न जानेमा त्यो औषधि नै हुने दाबी गर्ने उनी मदिरापानमा लिमिटेसन कसैले पनि नाघ्न नहुने सल्लाह दिन्छन् । फुर्सदको बेला फुटबल खेल्न उनी औधी रूचाउँछन् । सिनेमा तथा नाटक कहिलेकाहीं हेर्नेबाहेक त्यसमा अभिनय गर्ने कहिले पनि सोच नआएको उनले बताए ।



**दुई दशकदेखि मदिरा व्यवसायमा क्रियाशील अध्यक्ष श्रेष्ठ मदिरा व्यवसायीहरू अत्यन्त मर्यादित रहेको र राज्य तथा सरकारलाई सर्वाधिक कर बुझाउने वर्ग भए पनि सौतेलो व्यवहार भइरहेको दुखेसो पोख्छन् ।**











**1st time in Nepal**

Please
**contact us**
for all kind of
**fresh meat**

## Fresh Meat for Healthy Life

# I Kalu Meat Center

**Ballu Balaram Khadgi**
Chairman/M.D.

New Baneshwor, Shankhamul Road, Kathmandu
Tel: 4783939, Email: ikalu@gmail.com

# दुई पुरुषसँग मेघाको लसपस

विपरीतलिंगीसँगको लसपसका घटना नेपाली समाजमा पनि थाहै नपाइकन हुन थालेको पाइन्छ । कतिपय अवस्थामा यो सम्बन्धले सामाजिक मर्यादा उल्लंघन गरेको अनुभूति पनि हुन्छ । त्यसमा पनि विविधखाले आवश्यकताले यसप्रकारको सम्बन्धलाई कायम गर्न बाध्य बनेका नेपाली तन्नेरीहरूको कथालाई उनेर नेपाली फिल्म 'मेघा' निर्माण भएको छ । फिल्मलाई लामै समयदेखि अध्ययनको विषय बनाउँदै आएकी निर्देशक सम्झना उप्रेती रौनियारले निर्देशन गरेको यस फिल्ममा युवा मनस्थितिको आरोह-अवरोह तथा पछौटेपनलाई जस्ताको तस्तै प्रस्तुत गर्ने प्रयास भएको छ । विवाहिता महिलाको श्रीमान्बाहेक परपुरूषसँगको लसपसले ल्याएको पारिवारिक विशृंखलनको यथार्थ बोकेको यो सामाजिक कथा नेपाली समाजमा हाल यत्रतत्र देखिएकोले फिल्मांकन गरिएको निर्देशक रौनियारले स्पष्ट पारेका छन् ।

दुई पुरूषको धारमा हिँडेकी एक नारीको अवस्था र विचलनले बनाएको सम्बन्धले फिल्मको निचोडलाई झस्काउँदा त्यो लसपस जायज रहेको तर्क गर्ने माझ कथाका खोजकर्ता निर्देशक रौनियारलाई तारिफ गर्ने धेरै पाइए । श्रीमान्लाई बच्चाको ज्यादा मोह हुने तर श्रीमान्को शुक्रकीटमा पर्याप्त सन्तानोत्पादन गर्ने स्पोन्ज नहुनुले श्रीमान्को रहर पूरा गर्न श्रीमती परपुरूषसँगको लसपसमा पुग्न बाध्य भएको यथार्थ फिल्मको निचोडमा देखाइएको छ । जुन निचोड बाहिर आएपछि उक्त नारी पात्रले दुई पुरूषलाई त्यागेर भारी पेट लिएर एकल जीवन बाँच्ने निर्णय गर्दा फिल्म हेर्ने धेरैको मन कुँडिने गरेको छ ।

'मेघा'मा दुई पुरूष पात्रका एक नारी मेघाको लिड रोलमा नायिका नम्रता श्रेष्ठ रहेकी छन् । नम्रताको श्रीमान्को भूमिकामा रेमनदास र परपुरूष पात्रमा नायिका मनीषा कोइरालाका भाइ सिद्धार्थ कोइरालाले



अभिनय गरेका छन् । यी तीन पात्रबीच नै फिल्म घुमेको छ । साथमा भिन्तुना जोशी, मोहन निरौला, मीरा केसी लगायत कलाकारहरूको पनि अभिनय रहेको छ । कथा बलियो भएजस्तै फिल्म मेघाको सशक्त पक्ष गीत-संगीत नै हो । स्वर्गीय गोपाल योञ्जनका गीत-संगीतलाई रिमेक गरेर प्रस्तुत गरी मेघालाई मनमोहक बनाउने कार्य भएको छ । फागुन ७ गते रिलिज भए पनि भनेजस्तो दर्शक पाउन नसक्नु यो फिल्मको दुर्भाग्य मानिएको छ । मल्टीप्लेक्स हलका दर्शकले रूचाउलान् भनिएको यो फिल्मलाई सिङ्गल हलका दर्शकले रूचाएको पाइयो । यसबाट यस फिल्मका कार्यकारी निर्माता रहेका प्रसिद्ध फोटोपत्रकार विकास रौनियारसमेत तीनछक्क परेका छन् ।





**एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी**

- सिलिण्डर ल्याउँदा गुडाउनु हुन्न, भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर वा घोप्ट्याएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गर्नुपर्दछ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउनुपर्दछ।
- काम सकिएपछि सधैं ग्याँस सिलिण्डरको रेगुलेटर बन्द गर्नुपर्दछ।
- भान्सारमा ग्याँस गन्ध आइरहेको छ भने लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ, यस्तो बेला पहिले रेगुलेटरको र पछि चुल्हाको नव (Knob) बन्द गर्नुपर्दछ।
- ग्याँस लिक भएको थाहा भएमा कहिल्यै पनि ग्याँस चुल्हो, लाइटर, धूप तथा कोठाको बिजुली बत्ती बाल्नुहुँदैन।
- बरु तुरुन्तै सबै झ्याल, ढोका, ग्याँसको मात्रा घटाउनेतर्फ लाग्नुपर्दछ।
- रेगुलेटरबाट ग्याँस लिक भएमा सिलिण्डरको भल्वमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राख्नुपर्दछ र नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई तुरुन्त खबर गर्नुपर्दछ।
- ग्याँस सिलिण्डरदेखि चुल्होसम्मको रबर पाइप प्वाल परे नपरेको चेक गर्नुपर्दछ र पाइप देखिने गरी जोड्नुपर्दछ।
- ग्याँस पाइपका दुवैतर्फ क्लयाम्पले राम्रोसँग कस्ने गर्नुपर्दछ।
- ग्याँसको चुल्हो जहिले पनि ग्याँस सिलिण्डरभन्दा माथि राख्नुपर्दछ।
- ग्याँसको रबर पाइप १.५ देखि २.० मिटर भन्दा लामो हुनु हुन्न।

नेपाल आयल निगम
(नेपाल सरकारको स्वामित्व प्राप्त)




# नेपालकै सर्वाधिक लोकप्रिय होटल



फेवा तालको मनोरम किनारमा अवस्थित वाटरफ्रन्ट होटलमा ६० कोठा, २ वटा कन्फरेन्स हल र ३ रेष्टुरेन्ट रहेका छन् । प्याराग्लाइडिङ ओर्लेको र तालको मनोरम दृश्य होटलको प्राङ्गण र कोठाकोठाबाट देखिन्छ । तालकै किनारमा अवस्थित रेष्टुरेन्टबाट अनेक जंगली हाँस पौडिरहेको देखिन्छ भने आकाशमा सिमसार चरा र चीलरहरु उडिरहेको देखिन्छ ।

यो वाटरफ्रन्ट होटल सन् २०१३ र २०१४ मा विश्वप्रसिद्ध 'ट्रिप एडभाइजर'को सूचांकअनुसार नेपालको सर्वाधिक लोकप्रिय होटलमा सूचीकृत भएको छ ।

४ तारास्तरीय यस होटलमा सम्पूर्ण पिउने र नुहाउने पानी फिल्टरेशन गरिएको छ भने होटलबाट निस्केको फोहोर पानी प्रशोधन गर्न UN Habitat अन्तर्गत अत्याधुनिक DIWAT वैज्ञानिक प्रक्रिया अपनाइएको छ ।

KGH Hotels Group का संस्थापक अध्यक्ष कर्ण शाक्यका अनुसार यस समूहले तालको मनोरम दृश्यावलोकन गर्न Waterfront Resort होटलको साथै सन् २०१५ सम्ममा पोखरा एयरपोर्टबाट मात्र ७ किलोमिटर टाढा साराङकोट जाने बाटोमा सम्पूर्ण हिमाल IMAX जस्तै छ्याङ्गै देखिने अत्याधुनिक ४८ कोठे Himalayanfront Hotel सञ्चालन गर्दै छ ।





होटलका प्रमोशन र मार्केटिङ म्यानेजर निशान नकर्मीका अनुसार यस होटलमा बर्सेनि २५ प्रतिशत आन्तरिक पर्यटक, २५ प्रतिशत चिनियाँ र भारतीय मूलका पर्यटकहरू र ५० प्रतिशत युरोपियन मूलका पर्यटकहरू आउने गर्छन् । होटलका रेसिडेन्ट म्यानेजर सन्तोष कार्कीका अनुसार यस होटलमा बस्न आउने पर्यटकहरूलाई पोखराको मनोरम दृश्यावलोकन गराउन प्याराग्लाइडिङ, बोटिङ, हर्स राइडिङ र ट्रेकिङसमेतको लागि आफ्नै छुट्टै व्यवस्था गरिएको छ । साथै, विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरको सभा सम्मेलनको लागि अत्याधुनिक कन्फरेन्स हलहरूको व्यवस्था गरिएको छ । 'गत साल मात्र हामीले झण्डै सात वटा ठूल्ठूला सम्मेलनहरू आयोजना गरिसकेका छौं,' सन्तोष कार्की भन्छन् ।

जुन ठाउँमा यो होटल अवस्थित छ, साँच्चै ठाउँ त गजबै रहेछ । होटलको स्वीमिङ पुल, रेष्टुरेन्टमा बसेर लञ्च खाइरहँदा होटलमाथि नीलाम्बर आकाशमा सयौं रंगीविरंगी प्याराग्लाइडिङहरू चराजस्तै उडिरहँदा र बिस्तारै ती प्याराग्लाइडिङहरू एक-एक गर्दै होटलसँगैको ठूला चौरमा ओर्लिरहँदा नेपाल हैन विदेशमा बसिरहेको भान हुन्छ ।



For couple, per night with bed & breakfast :
For Foreigners rate : USD 100 - 120
For Nepalese rate : Rs. 5,000 - 6,000

Contact : Hotel Phone - (061 466 304)
Kathmandu : Satish Shrestha (9801033107)
Pokhara : Santosh Karki (9801166301)







तस्बीर : अजय देशार

काठमाडौं शहरबाट ११ किलोमिटर उत्तर-पूर्वी भेकमा रहेको मूलपानीस्थित ग्राण्ड नर्लिङ होटल्स रिसोर्टमा पहिला नेपाली फिल्मको धेरै सुटिङ हुने गरे पनि अहिले यो क्रम घटेको छ । एक दशकअगाडि नेपाली फिल्मको इनडोर तथा आउटडोर प्रायः सुटिङ हुने यसै रिसोर्टमा बलिउड सुन्दरी नेपाली नायिका मनीषा कोइरालाको विवाह सम्पन्न भएको थियो ।

२५ रोपनी भू-भागमा फैलिएको सुन्दर उपवनजस्तो लाग्ने नर्लिङ रिसोर्ट खाना र बसाइका लागि उपयुक्त थलोको रूपमा आफूले पाएको प्रसिद्ध मोडल एवम् गायक सीताराम पोखरेलले बताए । नेपाल आयल निगमका उप-निर्देशक समेत रहेका गायक पोखरेलले केही वर्षअगाडि एक गीतको भिडियो यसै रिसोर्टमा छायांकन गरेको जानकारी

# रिसोर्टको बेग्लै पहिचान र सान
# नर्लिङ होटल्स







स्वीमिङ, सौना-बाथ र ज्याकुजीको समेत बेग्लै व्यवस्था रहेको नर्लिङको पछाडिको परिवेश गोकर्ण गल्फ कोर्ट एवम् जंगल रिसोर्ट पनि रहेकोले पर्यावरण हरियाली देखिन्छ। साँझपख गोकर्ण जंगल रिसोर्टका मृगहरूको लहर देखिंदा सबैको मन पुलकित हुने गरेको छ।

नर्लिङमा पाकेको मीठो खाना बिऱ्यानीको स्वाद लिँदै दिए । पोखरेलको तारिफबाट दंग परेकी नर्लिङ रिसोर्टकी कार्यकारी प्रमुख कुन्साङ सालु होम-स्टेको लागि रिसोर्ट उपयुक्त स्थान भएको बताइन् ।

डे-सिटिङका लागि हाललाई खासै व्यवस्था नभए पनि एक दिन एक रातको लागि नै खास गरेर व्यवस्था गरिएको जानकारी फ्रन्ट-डेस्क म्यानेजर दोर्जे लामाले दिए । एक दिन एक रात बसाइका लागि नेपालीलाई ५ हजार ६ सय र विदेशीलाई ८० अमेरिकी डलर रेट राखिएको छ । यसमा सिजन हेरेर स्वीमिङ फ्रिदेखि ब्रेकफास्ट फ्रिसम्मका स्कीम पनि राखिएको लामाले बताए ।

सुविधासम्पन्न १५ वटा एट्याच बाथरूम सहितका कोठाहरु यहाँ रहेका छन् । यी कोठाहरूमध्ये २३४ नम्बरको कोठा विशेषतः धर्मगुरूहरूका लागि छुट्याइएको छ । उक्त कोठामा ध्यान गर्न आउने धर्मगुरूहरूका लागि मात्र भनेर प्राथमिकता दिइएको छ । होटलमा चौबिसै घण्टा तातो-चिसो पानीको व्यवस्थासहित पूर्ण एसी पनि रहेको छ । त्यसमाथि, बाथरूमलाई बडा मेहनतपूर्वक आकर्षक ढंगले निर्माण गरिएको छ । जुन लोभलाग्दो छ । मानिसको पहिचान जुत्ताबाट दिने गरेजस्तो घर तथा रिसोर्टको पहिचान बाथरूमबाट दिइने गरिन्छ । सोहीअनुरूप बाथरूमलाई आकर्षक बनाउने कार्य नर्लिङ रिसोर्टमा भएको छ ।

स्वीमिङ, सौना-बाथ र ज्याकुजीको समेत बेग्लै व्यवस्था रहेको यस रिसोर्टको पछाडिको परिवेश गोकर्ण गल्फ कोर्ट एवम् जंगल रिसोर्ट पनि रहेकोले पर्यावरण हरियाली नै देखिन्छ । साँझपख गोकर्ण जंगल रिसोर्टका मृगहरूको लहर देखिंदा सबैको मन पुलकित हुने गरेको छ । खानामा ग्राहकको रोजाइ तथा अर्डरमा नेपाली, इन्डियन, चाइनिज र कन्टिनेन्टल खाना पाइने जानकारी पनि मेनेजर लामाले दिए ।





# स्पेनको स्की र नाइटलाइफ

■ शब्द/तस्वीर : क्याप्टेन वेद उप्रेती

भारतको एअर डेकन र किङफिसर एअरलाइन्समा ८ वर्षजति प्रशिक्षक पाइलट भएर काम गर्दा महिनैपिच्छे पाइलटहरूलाई सिमुलेटर तालिम गराउन स्पेन, फ्रान्स, बेल्जियम, थाइल्याण्ड र मलेसिया गइरहनुपर्थ्यो । ती देशहरूमा एटीआर विमानको सिमुलेटर भएकोले जतातिर खाली हुन्थ्यो त्यतैतिर हामीहरु जाने गर्थ्यौं । त्यसै सिलसिलामा स्पेन दर्जनौं पटक गएँ हुँला । प्रत्येक पटकको यात्रा १५ दिनदेखि एक महिनाको हुने गर्थ्यो । त्यस अवधिमा स्पेनको बार्सिलोना, म्याड्रिड, टोलेडो, सेगोभिया र नाभासेराडा भन्ने स्थानहरूमा कयौं दिन बरालिंदाका क्षणहरु सम्झिंदा आज पनि आनन्द आउने गर्छ ।

यूरोपमा स्वीजरल्याण्ड र फ्रान्सपछि मलाई सबैभन्दा मनपर्ने देश स्पेन हो । दिल्लीबाट करिब ८ घण्टाको एअर फ्रान्सबाट पेरिस र त्यहाँबाट साढे २ घण्टाको अर्को फ्लाइटबाट म्याड्रिडमा अवतरण गर्थ्यौं हामीहरु । अंग्रेजी बोल्न नरूचाउने स्पेनको राजधानी म्याड्रिड पुगेपछि स्पेनिस भाषा, संस्कृति, स्पेनी जीवनशैलीबारे बढी जान्ने कौतुहल हुन्थ्यो । पहिलो पटक म्याड्रिड गएको बेलामा साँझतिर मसँगै गएका दुई जना भारतीय पाइलटलाई लगेर स्पेनिसको आकर्षक नाच 'फ्लेमेन्सो' हेर्न गएको हिजोअस्ति जस्तो लाग्छ । ती दुवै जनाले कस्तो नाच हो भनेर मलाई सोधेका थिए । मैले हाँसेर 'क्याब्रे से बढिया है' भनेपछि उनीहरु पनि महँगो टिकट काटेर भए पनि जान लालायित भएका थिए । 'फ्लेमेन्सो' स्पेनिसहरूको परम्परागत र सांस्कृतिक नाच हो, जसमा नर्तक-नर्तकीहरूले खुट्टाले जमिनलाई मादल जसरी बजाउनु यसको आकर्षक पक्ष रहेछ ।

म्याड्रिड शहर धेरै पटक विभिन्न पाइलटहरूसँग घुमें । कहिले साइटसिइङ बसबाट, कहिले मेट्रोबाट, कहिले हिंडेर र कहिले बसबाट म्याड्रिडको प्रत्येक ठाउँको अवलोकन गर्थें । किनभने छुट्टीका दिनमा समयको सदुपयोग गर्नु भनेको नयाँ ठाउँहरूको अवलोकन गर्नु थियो मेरा लागि । म्याड्रिडको 'प्राडो' म्युजियम, राजदरबार, क्याथिड्रल, ग्रा भिया सडक, पार्कहरु, प्रत्येक चौराहामा राखिएका आकर्षक स्ट्याचु र नाइट लाइफ यहाँका आकर्षण हुन् ।

करिब एक महिना बस्दा बीचमा हुने दुई/तीन दिनका बिदा पनि





म्याड्रिडबाट टाढा आकर्षक स्थानहरु घुम्न म रूचाउँथें । त्यसमध्येको एउटा अति आकर्षक र स्पेनको पुरानो राजधानी टोलेडो हो । म्याड्रिडबाट करिब ७२ किमिमा अवस्थित टोलेडो क्रिश्चियन, मुस्लिम र जिउजहरूको मिश्रित संस्कृति भएको शहर हो । पुरानो शहर, किल्ला, दरबार र आकर्षक म्युजियम संसाभरिका पर्यटकहरूले खचाखच भरिएको हुन्छ । त्यहाँ जाने जोकोही खुसी भएर फर्कन्छन् ।

अर्को पटकको स्पेन यात्रामा म म्याड्रिड नजिकै रहेको नामासेराडा स्की सेन्टर गएँ । मसँगै नेपाली क्याप्टेन एडी शेर्पा पनि थिए । त्यस ठाउँमा माइनस ७ डिग्री तापक्रमसँगै बाक्लो हिउँ परेकोले 'स्की' गर्नेहरु तँछाडमछाड गरिरहेका थिए । मैले पनि 'स्की' जुत्ता भाडामा लिएर दिनभरि स्कीको मज्जा लिएँ । हाम्रो नेपालमा खप्तड क्षेत्रमा त्यस्तै खालका स्की क्षेत्रको प्रबल सम्भावना हुँदाहुँदै पनि खप्तडको हिउँ स्कीविना नै प्रत्येक वर्ष पग्लिने यथार्थ सम्झिंदा अलि दुःखी पनि बनायो ।


एक पटकको म्याड्रिडको बसाइमा म्याड्रिडबाट करिब ९० किलोमिटरमा रहेको सानो तर निकै पुरानो शहर सेगोभिया घुम्नुको मज्जा बेग्लै थियो । शताब्दियौं पहिलेको जीवनशैली त्यसबेलाको खानेपानीको व्यवस्थापन र पहिलेका घरहरु यथास्थितिमा राख्न सफल यो शहर पनि पर्यटकहरूको केन्द्रबिन्दु बन्न पुगेको छ ।

बार्सिलोनाको रम्बाला स्ट्रिट, मध्यरातदेखि सुरू हुने त्यहाँको नाइट लाइफ, कोलम्बसले अमेरिकातिर औंला देखाएको स्ट्याचु, नजिकैको लोभलाग्दा समुद्री तटहरु र उत्कृष्ट खालका स्ट्याचु, पेन्टिङले भरिएका चर्चहरु र एन्तोनी गौडीको काम जसमध्ये निकै आकर्षक सग्रादिया फेमिलियाले मलाई कयौं पटक बार्सिलोना तानिराख्छ । त्यसैले मैले विभिन्न समयमा चार पटक बार्सिलोना अवलोकन गरिसकेको छु । म्याड्रिडबाट ६ सय २० किमि टाढा भए पनि म जहिले पनि त्यहाँ जान लालयित रहन्थें । पहिलो पटक भने बार्सिलोना फ्रान्सको टुलुज शहरबाट क्याप्टेन शैलेश निरौलासँग गएको र रातभरि नाइटलाइफको



नाचहरु सम्झिँदा मात्रै पनि आनन्द आउँछ । धेरै पटकको स्पेन यात्राले म स्पेनिस खाना, उनीहरूको संस्कृति, शहरहरु र भाषासँग निकै राम्ररी घुलमिल भइसकेको थिएँ । किङफिसरको उडान बन्दसँगै स्पेनसँगको वर्षभरि नै चलिरहने निरन्तर भेटघाट बन्द भयो, तर भविष्यमा एक पटक फेरि करिब १० दिनका लागि स्पेनमा धित मर्ने गरी घुम्ने योजना मेरो डायरीमा सुरक्षित छ ।





# विश्वको तेस्रो नम्बरकी लिउ वन

**सन् २००७ मा तेस्रो श्रेणीकी मोडल भएकी लिउ वन त्यसको एक वर्षपछि पहिलो श्रेणीमा उक्लिएकी थिइन् । एक महिनामा उनले फेसन म्यागेजिनका लागि २० पटकभन्दा धेरैचोटि फोटो खिचाएकी थिइन् । उनले फेशन म्यागेजिनका लागि फोटो खिचाएर एक महिनामा कम्तीमा १० हजार चिनियाँ युआन कमाउन सफल भएकी थिइन् ।**

सन् २०१३ अगष्ट महिनाको २९ तारिख मोडल वेबसाइट एमडीसीले विश्वका अघिल्लो सूचीमा रहेका ५० जना मोडलको नामावली सार्वजनिक गरेको थियो । त्यसमा चिनियाँ मोडल लिउ वन विश्वको तेस्रो स्थानकी मोडल बनेकी छन् ।

लिउ वनको जन्म सन् १९८८ जनवरी २७ मा हु नान प्रान्तको युङ् चौ शहरमा भएको थियो । उनको उचाइ १.७८ मिटर छ । उनको शारीरिक वजन ५२ किलोग्राम छ ।

सन् २००५ को गृष्म ऋतुमा लिउ वनले सिन स लु नामक मोडल प्रतियोगिताअन्तर्गत हु नानको युङ् चौ शाखा प्रतियोगितामा पहिलो पाइला राखिन् । सो प्रतियोगिताको प्रथम पुरस्कार नोटबुक कम्प्युटर थियो । लिउ वन नोटबुक कम्प्युटरबाट आकर्षित भएकी थिइन् । त्यो कम्प्युटर जित्नका लागि लिउ वनले सो प्रतियोगितामा भाग लिन दर्ता फारम भरेकी थिइन् । लिउ वनले हु नान प्रान्तीय प्रतियोगिताको उपाधि जितेर नोटबुक कम्प्युटर



पनि पाएकी थिइन् । त्यसपछि आत्मविश्वासका साथ लिउ वन हाई नान प्रान्तको सान या शहरमा आयोजित सिन स लु नामक मोडल फाइनल प्रतियोगितामा सन् २००५ मा सहभागी भएकी थिइन् । चीनकै उत्कृष्ट यस मोडल प्रतियोगितामा लिउ वनले कुनै पनि पुरस्कार पाउन सकिनन् ।

सन् २००५ को शरद ऋतुमा सत्र वर्षीया लिउ वनले आफ्ना फिटीझ्याम्टा बोकेर रेलद्वारा पैचिङ्को बाटो तताइन् । उनले पैचिङ्मा व्यावसायिक मोडल केन्द्र स्थापना गर्ने निर्णय गरेकी थिइन् । तर त्यसमा उनी लगातार धेरै पटकसम्म विफल भइन् । त्यस बेला आफ्ना बुबाआमा सम्झिँदै र टेलिफोन गर्दै उनी धेरै पटक रोएकी पनि थिइन् । तर बुबाआमाले उनलाई निरन्तर रूपमा प्रयास गर्न उत्प्रेरित गरेका थिए ।

सन् २००७ मा तेस्रो श्रेणीकी मोडल भएकी लिउ वन त्यसको एक वर्षपछि पहिलो श्रेणीमा उक्लिएकी थिइन् । एक महिनामा उनले फेसन म्यागेजिनका लागि २० पटकभन्दा धेरैचोटि फोटो खिचाएकी थिइन् । उनले फेसन म्यागेजिनका लागि फोटो खिचाएर एक महिनामा कम्तीमा दश हजार चिनियाँ युआन कमाउन सफल भएकी थिइन् । उनले च्यानेल, मार्कज्याकोब्स, होगोबोस, लोइवेइ, शाङ्हाई थान, शान शान आदि देश विदेशका प्रसिद्ध डिजाइनिङका लागि मोडलिङ गरेकी थिइन् ।

सन् २००८ मा उनले न्यूयोर्क, लण्डन, मिलान, पेरिस फेसन सप्ताहहरूका लागि मोडलिङ गरिन् । लिउ वन सन् २००८ को मार्च महिनामा आयोजित मिलान र पेरिस फेसन सप्ताहमा सहभागी भएको त्यो पहिलो पटक थियो । यी दुवै फेसन सप्ताहमा उनले २० पटक मोडलिङ गरेकी थिइन् । सन् २००८ को सेप्टेम्बर महिनामा लिउ वन पहिलो पटक न्यूयोर्क फेसन सप्ताहमा सहभागी भइन् । त्यसमा उनले २७ पटक मोडलिङ गरिन् । ती फेसन सप्ताहमा सहभागी भएपछि लिउ वन लोकप्रिय मोडलको रूपमा स्थापित हुँदै गइन् । त्यसपछि उनी प्रसिद्ध अण्डरवीयर ट्रेड मार्क भिक्टोरिया सेक्रेटको वार्षिक शोमा सहभागी हुने चर्चा चल्न थाल्यो । नभन्दै सन् २००८ नोभेम्बर १९ का दिन भिक्टोरिया सेक्रेटको शोमा लिउ वन सहभागी हुन सफल भइन् । लिउ वन भिक्टोरिया सेक्रेटको शोमा सहभागी हुने पहिलो एशियाली मोडल बन्न सफल भएकी छिन् ।

सन् २००९ को मार्च महिनामा उनले न्यूयोर्क, लण्डन, मिलान, पेरिस फेसन सप्ताहमा जम्मा ७४ पटक मोडलिङ गरिन् । त्यो वर्षको सेप्टेम्बर महिनामा ती चार वटा फेसन सप्ताहमा उनले जम्मा ७० पटक मोडलिङ गरेकी थिइन् । सन् २०१० को मार्चमा जम्मा उनले ती चार फेसन सप्ताहमा कूल ५५ पटक मोडलिङ गरेकी थिइन् भने सेप्टेम्बर महिनामा जम्मा ४८ पटक मोडलिङ गरेकी थिइन् । सन् २०११ को फेब्रुअरी महिनामा उनले फेसन सप्ताहमा ४६ पटक मोडलिङ गरेकी थिइन् भने सेप्टेम्बर महिनामा न्यूयोर्क, मिलान र पेरिस फेसन सप्ताहमा ५१ पटक मोडलिङ गरेकी थिइन् । सन् २०१२ र सन् २०१३ का फेसन सप्ताहमा उनी लोकप्रिय मोडल बनिन् ।

लिउ वन प्रसिद्ध मोडल मात्र नभई अन्तर्राष्ट्रिय फेसन मञ्चमा चिनियाँ प्रतिनिधि पनि हुन् । उनको निर्देशनमा अझै धेरै चिनियाँ मोडल अन्तर्राष्ट्रिय फेसन मञ्चतर्फ लम्किरहेका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*

# हिउँदे ऋतुमा तिब्बती पर्यटन

केही वर्षयता तिब्बतले 'हिउँदे ऋतुमा तिब्बत भ्रमण' पर्यटन योजनामा ध्यान दिइरहेको छ । हिउँदे ऋतुसँग अनुकूल रहेका धेरै पर्यटन कार्यक्रम तयारी भएका छन् । त्यसबाट धेरै चिनियाँ तथा विदेशी पर्यटक आकर्षित भएर हिउँदे ऋतुमा तिब्बत भ्रमण गरेर विशेष अनुभव लिन उत्साही भएका छन् ।

तिब्बतका प्रसिद्ध पर्यटन व्यवसायी याङ स्यु छ्युङ्का अनुसार हिउँदे ऋतुमा तिब्बतमा अक्सिजनको मात्रा र ग्रीष्म ऋतुबीच धेरै फरक छैन तर सुक्खापन धेरै हुन्छ । मध्यान्ह घाम लागेर तापक्रम २० डिग्री सेल्सियसभन्दा बढी पुग्छ । साथै हिउँदे ऋतुमा तिब्बतका धेरैजसो दृश्यावलोकन क्षेत्रको टिकटको मूल्यमा आधा छुट हुने र धेरैजसो होटेलको खर्च पनि आधा घट्ने हुन्छ । त्यसैले हिउँदमा तिब्बत भ्रमण गर्न सस्तो र सजिलो हुन्छ ।

तिब्बती भूभाग समुद्री सतहबाट उच्चभागमा परेकाले चीनको मुख्य भूमिभन्दा धेरै फरक मौसम रहेको छ । त्यसैले तिब्बत पुग्ने पर्यटकले धेरै पानी पिउने र आराम गर्नु जरूरी छ तर रक्सी पिउनु र धूमपान गर्नुचाहिँ राम्रो हुँदैन । साथै लेक लाग्ने संभावना भएकाले प्रतिरोधी औषधि र सूर्यको किरण तथा हिउँको टल्काइबाट बच्न सन ग्लास जस्ता सामग्रीको तयारी गर्नुपर्छ ।

मौसम राम्रो छ, पर्यटक त्यति धेरै छैनन्, पर्यटन खर्चमा छुट छ भने हिउँदे ऋतुमा तिब्बत भ्रमण गर्नु उत्तम हुन्छ । तर हिउँदे ऋतुमा तिब्बत घुम्नका लागि केही विषयमा ध्यान दिनुपर्छ ।

१. हिउँदे ऋतुमा ल्हासाको तापक्रम औसत रूपमा १५ डिग्री सेल्सियस पुग्छ तर रातमा माइनस ५ डिग्री सेल्सियस पुग्छ । त्यसैले बाक्लो लुगा बोक्नुपर्छ । अर्कातिर धेरैजसो होटेलमा हिटर छ त्यसैले रातमा सुत्दा चिसो हुँदैन ।

२. धेरैजसो मानिस समुद्र सतहभन्दा उच्च भागमा नबसेकाले तिब्बत पुग्दा लेक लाग्न सक्छ । त्यसैले लेक प्रतिरोधी औषधि पनि साथमा बोक्नुपर्छ । यसबाहेक रूघाखोकी आदिका सामान्य औषधि पनि साथमा राख्नुपर्छ ।

३. तिब्बत समुद्री सतहबाट उच्च भागमा परेकाले घाम पनि धेरै लाग्छ । त्यसैले विशेष प्रकारका सन ग्लास लगाउनुपर्छ र घाम प्रतिरोधी क्रिम लगाउनुपर्छ ।

४. यदि हिमाली क्षेत्रको अवलोकन गर्ने हो भने हिम ग्लास लगाउनुपर्छ र हिमाली क्षेत्रमा धेरै जाडो हुने भएकोले फ्रोस्बाइट क्रिमको प्रयोग गर्नु उत्तम हुन्छ । यदि फ्रोस्बाइट भएमा तीस-चालीस डिग्री सेल्सियसको पानीमा कपडा राखेपछि फ्रोस्बाइट लागेको ठाउँमा राख्नुपर्छ र रगत रङ्ग फेरि आएपछि फ्रोस्बाइट क्रिम लगाउँदा राम्रो हुन्छ ।

५. तिब्बतमा हाइकिङ्ग गर्ने इच्छा भएमा हाइकिङ्ग जुत्ता लगाउनुपर्छ ।

६. हिउँदे ऋतुमा सबै ट्राभल एजेन्सी खुल्दैनन् । त्यसैले त्यहाँ जानुअघि टेलिफोन गरी सोधपुच्छ गर्नु राम्रो हुन्छ ।






७. हिउँदे ऋतुमा तिब्बत घुम्दा तिब्बती नव वर्ष, वसन्त चाड, आरू फूल महोत्सव आदि रमाइलो चाडपर्व पर्छन् । त्यसैले त्यहाँ जानुअघि वेबसाइटमा त्यससम्बन्धी विषयवस्तु अध्ययन गरेर त्यसै अनुसार तयारी गर्न सकिन्छ । यसरी नै अझ राम्रोसँग तिब्बती संस्कृति बुझ्न सकिन्छ ।

उदाहरणका लागि तिब्बत स्वायत्त प्रदेशीय लिन्ची क्षेत्रको पर्यटन ब्यूरोबाट प्राप्त जानकारी अनुसार 'चीनको सबैभन्दा सुन्दर वसन्त खोज्न लिन्ची जाऔँ' भन्ने मुख्य विषयसँगै बाह्रौँ लिन्ची आरूका फूलसम्बन्धी सांस्कृतिक महोत्सव हुने भएको छ । मार्च २६ मा लिन्ची जिल्लाको गाला गाउँमा सुरू हुने महोत्सवमा चिनियाँ तथा विदेशी पर्यटकले 'हिमाली क्षेत्रका आरूका फूलको समुद्र' अवलोकन गर्न पाउँछन् ।

हरेक वसन्त ऋतुमा लिन्ची क्षेत्रमा ढकमक्क आरू फुल्छन्, जसले गर्दा सो क्षेत्र गुलाबी समुद्रजस्तो देखिन्छ । सो क्षेत्रमा मार्चको सुरूदेखि मेको मध्यकालसम्मलाई आरू फुल्ने याम मानिन्छ । लिन्ची क्षेत्रको पर्यटन ब्यूरोका अधिकारी चुङ आइ रूङ्ले जानकारी दिएअनुसार यो महोत्सवको अवधिमा प्रसिद्ध तिब्बती गायिका याङ ची माले आफ्नो विशेष कला प्रदर्शन गर्नेछिन् । साथै इन्टरनेट कार्यक्रम पनि सञ्चालन हुनेछ । यसबाहेक चीनका आँखा रोग विशेषज्ञले लिन्ची क्षेत्रमा मोतियाबिन्दु रोगीलाई निःशुल्क उपचार गर्नेछन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



**हिउँदे ऋतुमा तिब्बतमा अक्सिजन मात्रा र ग्रीष्म ऋतुबीच धेरै फरक छैन तर सुक्खापन धेरै हुन्छ। मध्यान्ह घाम लागेर तापक्रम २० डिग्री सेल्सियसभन्दा बढी पुग्छ । साथै हिउँदे ऋतुमा तिब्बतका धेरैजसो दृश्यावलोकन क्षेत्रको टिकट मूल्यमा आधा छुट हुने र धेरैजसो होटेलको खर्च पनि आधा घट्ने हुन्छ। त्यसैले हिउँदमा तिब्बत भ्रमण गर्न सस्तो र सजिलो हुन्छ ।**

# अवसर खोज्दै ल्हासा



धेरैका लागि तिब्बत एउटा टाढा तथा रहस्यमय स्थान हो । तर निकै आकर्षक भएकाले चीनका लागि मात्र होइन विश्वका अरू विभिन्न मुलुकका पर्यटकका लागि यतिबेला तिब्बत आकर्षणको केन्द्र भएको छ । तिब्बत भ्रमण गर्न गएकाहरूमध्ये कसैले त त्यहीं स्थायी बसोबास गरेर तिब्बतलाई आफ्नो दोस्रो जन्मथलो अर्थात् कर्मथलोका रूपमा लिएका छन् । तिब्बतमा सात वर्षदेखि बसोवास र व्यवसाय गर्दै आएका नेपाली वाङछिङ यस्ता मानिसमध्ये एक हुन् ।

वाङछिङले खोलेको गलैंचा पसलमा हामीले उनलाई भेट्यौं । पसलको सजावट निकै राम्रो थियो । भित्तामा तिब्बती र नेपाली सजावटका सामग्री राखिएका थिए ।

सन् २००६ मा वाङछिङ ल्हासामा आएका थिए । तर तिब्बतसँगको सम्बन्ध उनको बाल्यकालदेखि नै सुरू भएको हो । वाङछिङ भन्छन्- 'मेरो बुवा धेरै पहिला तिब्बत आउनुभएको थियो । यहाँ धेरै वर्षसम्म बस्नुभयो । असीको दशक तिब्बतमा व्यापार गर्न थाल्नुभयो । त्यतिखेरदेखि म प्रायः बुबासँग तिब्बतमा भ्रमण गर्न आउँथें । पहिलो पटक पोताला दरबार देख्ता मलाई निकै अचम्म लाग्यो । मैले सोचें, त्यति धेरै समयअघि मानिसले कसरी पोताला दरबार निर्माण गर्न सके ? विज्ञान र प्रविधिको खासै विकास नभएको समयमा त्यो जमानाका मानिसहरूले कसरी यस्तो विशाल भवनको निर्माण गर्न सके भन्ने मलाई लाग्छ । सबभन्दा पहिला मलाई तानेको कुरा नै यही हो ।'

विगत सात वर्षमा ल्हासामा स्थानीय बासिन्दाको जीवनस्तर र शहरीया आधुनिक विकाससम्बन्धी उपलब्धिबाट वाङछिङलाई निकै अचम्म लागेको छ । अहिलेको ल्हासा र उनी आफ्नो बाल्यकालको सम्झनामा रहेको ल्हासासम्बन्धी सम्झनाबीच धेरै फरक परिसकेको छ । आफ्नो स्मरण उनले

यसरी सुनाए- 'अहिलेको तुलनामा पहिले यहाँ एउटा सानो गाउँ मात्रै थियो, निकै सानो अनि पिछडिएको गाउँ मात्रै थियो । चुम्ला खाँ गुम्बा रहेको क्षेत्र शहरीय क्षेत्र मात्रै थियो अनि त्यसवरिपरि केही घर मात्रै थिए । तर अहिले ल्हासामा थुप्रै भवन निर्माण भएका छन् । यदि नेपालमा फर्केर केही महिना बसेमा फेरि यहाँ आएपछि अरू नयाँ भवन, नयाँ बाटो निर्माण भइसकेको देखिन्छ । मलाई लाग्छ ल्हासाको आवश्यक प्रबन्धको सुधार नै यहाँको सबभन्दा ठूलो परिवर्तन रहेको छ ।'

तीव्र आर्थिक विकासबाट स्थानीय बासिन्दाको जीवनमा धेरै परिवर्तन ल्याइएको छ । तर वाङछिङको विचारमा त्यसबाट शहरको परिवर्तन मात्रै होइन, स्थानीयहरूको जीवन मनोवृत्ति पनि परिवर्तन भएको छ । वाङछिङका अनुसार तिब्बतका मानिसको कार्य र जीवनबीच सन्तुलन भेट्न सकिन्छ । उनीहरूले कार्यमा प्रयास गर्छन् साथै परिवार र साथीसँग पनि आराम गर्छन् । ग्रीष्मकालीन समयमा उनीहरूले बाहिर गएर वनभोज गर्छन् । हिउँदे ऋतुमा पनि साथीसँग घाम तापेर घुम्न रमाइलो हुन्छ । यी सबै कुरा उनीहरूको संस्कृतिमध्येको एक भाग भइसकेको वाङछिङको बुझाइ छ । तिब्बतका धनी-गरिब सबैमा उत्तिकै खुसी छाएको उनले महसुस गरेका छन् ।

विभिन्न कारणले मानिसले तिब्बतलाई माया गर्छन् । कसैलाई तिब्बती संस्कृतिले तानेको हुन्छ भने कसैलाई तिब्बतको शान्त वातावरणले आकर्षित गरेको हुन्छ । कोही कोही त आफूले किन तिब्बतलाई माया गर्छु भन्ने कुरालाई शब्दमा व्यक्त गर्नै सक्दैनन् । वाङछिङ तीमध्येको एक हुन् ।

वाङछिङको जन्म नेपालमा भएको हो । उनले अमेरिकाबाट स्नातक गरेपछि व्यापारको सिलसिलामा तिब्बत आए । आफूलाई तिब्बत मन पर्ने कारण वाङछिङ यसरी खुलाउँछन्- 'धेरैलाई ल्हासा मन पर्छ । कसैलाई यस शहरको विशेष अनुभवबाट आकर्षण गरेको छ, कसैलाई अरू शहरभन्दा यहाँको प्रतिस्पर्धा त्यति धेरै नभएको लागेको छ । त्यसैले ल्हासामा थुप्रै अवसर पनि छन् । विशेष गरी आफ्नो व्यापार चलाउन मन लागेका मानिसको लागि यहाँ धेरै अवसर छन् । मैले तिब्बतमा काम गर्न सोचिरहेको थिएँ । बुबासँग यहाँ यात्रा गरेपछि तिब्बतमाथि मेरो विशेष आकर्षण रह्यो । त्यसैले स्नातक भएपछि मैले तिब्बत जाने विषयमा सोचें । चीनमा तीव्र विकास भइरहेको छ, चीनको आर्थिक प्रभाव पनि बढ्दैआएको छ । त्यसैले ल्हासामा व्यवसाय चलाउन म आएको छु ।'

सन् २००७ मा वाङछिङले ल्हासामा आफ्नो गलैंचा पसल चलाए । उनले नेपालबाट ल्हासामा गलैंचा आयात गरे । साथै गलैंचा व्यापारबाहेक अहिले वाङछिङले एउटा होटेल पनि खोलेका छन् । होटेलमा तिब्बती तथा नेपाली कलावस्तु राखिएका छन् र त्यहाँ बस्ने यात्रुले अवलोकन गर्न पाउँछन् । आफू चीन र नेपालबीच मैत्रीपूर्ण आवतजावतको पुलको रूपमा रहिरहने विश्वास उनले दिलाए ।

ल्हासाका धेरै दृश्यावलोकन स्थलहरु छन् । पवित्र गुम्बाहरु, सुन्दर प्राकृतिक दृश्यहरु, प्राचीन भवनहरु आदि । तर वाङछिङलाई सबभन्दा मन परेको ठाउँ बाखो सडक हो । बाखो सडक चुम्ला खाँ गुम्बाको वरिपरि निर्माण भएको छ र तिब्बतमा यसलाई 'पवित्र बाटो'को रूपमा मानिन्छ । अहिले यो बाटो प्राचीन तिब्बती सडकसम्म विकास भएको छ । अपेक्षाकृत रूपमा तिब्बती प्राचीन शहरको अवस्था यो सडकमा झल्किएको छ र ल्हासाको सबभन्दा प्रसिद्ध वाणिज्य केन्द्रको रूपमा पनि स्थापित छ । वाङछिङले भने- 'म प्रायः बाखो सडकमा घुम्छु र रमाइला पसलमा अवलोकन गर्छु । त्यहाँ धेरै तिब्बती शैलीका हस्तकलाका सामग्री पाइन्छन् । अनि म प्रायः गाडी चढेर पनि ल्हासामा घुम्छु ।'



**विभिन्न कारणले मानिसले तिब्बतलाई माया गर्छन् । कसैलाई तिब्बती संस्कृतिले तानेको हुन्छ भने कसैलाई तिब्बतको शान्त वातावरणले आकर्षित गरेको हुन्छ । कोही कोही त आफूले किन तिब्बतलाई माया गर्छु भन्ने कुरालाई शब्दमा व्यक्त गर्नै सक्दैनन् । वाङछिङ तीमध्येकै एक हुन् । वाङछिङको जन्म नेपालमा भएको हो । अमेरिकाबाट स्नातक गरेपछि उनी व्यापारको सिलसिलामा तिब्बत आए ।**

वाङछिङको गलैंचा पसल र होटेल बाखो सडकको आसपासमा पर्छ । वाङछिङले हामीलाई आफ्नो होटेलमा लिएर गए । त्यो होटेलको छत सबभन्दा विशेषतायुक्त ठाउँ रहेछ । छतमा उभिएर सबै ल्हासा हेर्न पाइँदोरहेछ । हामी त्यहाँ पुग्दा छतको सजावट कार्य भइरहेको थियो । सजावटको काम सकिएपछि पर्यटकले त्यहाँ बसेर कफी पिउँदै ल्हासाको दृश्य अवलोकन गर्न सक्नेछन् ।

वाङछिङ भन्छन्- 'यो होटेलको छत हो । हामीले यसलाई यात्रु आराम गर्ने क्षेत्रका रूपमा विकास गर्दै छौँ । यहाँबाट सम्पूर्ण पोताला दरबार देख्न सकिन्छ र पर्यटकले पोताला दरबारको पूरा तस्वीर खिच्न पनि सक्छन् । हामी हरेक टेबलको छेउमा छाता राख्छौँ । किनभने ल्हासामा कडा घाम लाग्छ । सूर्यास्त भएपछि पनि चाँदनीमुनिको पोताला दरबार अवलोकन गर्न पाइन्छ । वास्तवमा त्यो एउटा आश्चर्यजनक अनुभव हुनेछ ।'

*(साभार : सीआरआई नेपाली सेवा)*




काठमाडौंबाट १२ किलोमिटर दक्षिण-पूर्वी भेग ललितपुरको रमणीय स्थान लुभु आफैमा वैभव बोकेको सांस्कृतिक थलो हो । नेपाल भाषामा लुभुको अर्थ 'भेट्टाइएको भूमि' हो । सांस्कृतिक परम्परा तथा कलाको वैभव बोकेको यो स्थानलाई तन्नेरीहरूको सांगीतिक ब्याण्ड ब्ल्याक-हङ्कले बेग्लै परिचय दिन थालेको छ । ब्ल्याक-हङ्कको अर्थ कालो बाज हो । कालो बाजले आकाशलाई ढाक्ने प्रयास गरेजस्तै नेपाली सांगीतिक बजारमा बेग्लै पहिचान तथा परिचय दिने प्रयासमा यस ब्याण्ड लागिरहेको ब्याण्डका संस्थापक गायक साउनदेव श्रेष्ठले बताएका छन् ।

२०५४ सालमा लुभुस्थित महालक्ष्मी माध्यमिक विद्यालयमा अध्ययनरत तेह्र-चौध वर्षका चार विद्यार्थीको प्रयासबाट स्थापना भएको ब्ल्याक-हङ्कको यात्राले १६ वर्ष पूरा गर्दै छ । यस अवधिमा यस ब्याण्डले मिडनाइट, सिक्स-स्ट्रिङ्ग र एक विश्वास नामक तीन एल्बम बजारमा ल्याउन सफलता प्राप्त गरिसकेको छ । ब्ल्याक-हङ्कमा संस्थापक गायक साउनदेवका अलावा ड्रमर उमेश श्रेष्ठ, बेस-गिटारिष्ट सुरेश महर्जन, गिटारिष्ट गौतम तण्डुकार रहेका छन् । ब्याण्ड मेनेजमेन्टको जिम्मेवारी ब्याण्ड मेनेजर अंजित श्रेष्ठको काँधमा रहेको छ ।

काठमाडौं र काठमाडौंबाहिर पोखरा, विराटनगर, धरानदेखि दार्जिलिङ, सिक्किमसम्म ब्ल्याक-हङ्कले कन्सर्ट गरिसकेको छ । लाखौं श्रोता एवम् दर्शकहरूको वाहवाही पाइसकेको ब्ल्याक हङ्क अब विदेशको कन्सर्टको तयारीमा पनि रहेको छ । आठ वर्षयता ब्याण्डलाई दिगो रूपमा अगाडि बढाउन होटलहरूमा पनि पफर्म गरिरहेको जानकारी संस्थापक गायक साउनदेवले दिएका छन् । हायात होटलबाट सुरू भएको नाइट म्युजिकल पफर्म सांग्रिला, एभरेष्ट हुँदै हाल ठमेलस्थित होटल नमस्ते पब एण्ड बारसम्म यात्रालाई जारी राखेको उनले जानकारी दिएका छन् ।

ती तारे होटलमा विशेषतः विदेशी पर्यटकलाई लक्ष्यित गरेर सांगीतिक प्रस्तुति दिनुपर्ने बाध्यता रहेको छ । यसले गर्दा ब्ल्याक-हङ्कले बढी अंग्रेजी गीत-संगीत प्रस्तुत गर्नुपरे पनि नेपाली गीत-संगीतलाई समय-सन्दर्भ मिलाएर पस्कने गरेको ब्याण्ड मेम्बरहरूले बताएका छन् । कमाइको हिसाबले होटलको सांगीतिक प्रस्तुति राम्रै भएको भन्दै उनीहरूले सन्तुष्टि व्यक्त गरेका छन् ।

कुनैबेला गाएर तथा बजाएर बाँच्न कठिनाइ थियो भने हाल आएर स्वदेश तथा विदेशको कन्सर्ट र होटलमा पर्फमले सहजै ब्याण्ड मेम्बरहरु बाँच्न सक्ने अवस्था सिर्जना भएको छ । व्यावसायिक रूपमा अब अघि बढ्ने मार्ग प्रशस्त पारे पनि सांगीतिक पाइरेसीले कुनै पनि एल्बम निकाल्न हाललाई खतरा महसुस भइरहेकोले तेस्रो एल्बमपछि अरू एल्बम निकाल्न ब्ल्याक-हङ्क पछि परिरहेको समेत उनीहरूले खुलासा गरेका छन् ।

# कमाइमा सन्तुष्ट
# लुभुको कालो बाज



# हार्दिक बधाई तथा शुभकामना




आध्यात्मिक क्षेत्र तथा समाजसेवामा उल्लेखनीय योगदान पुर्‍याउनुभएका जिउँदा शहीद दुर्गाप्रसाद भट्टराई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठबाट २०७० माघ १७ गते एक विशेष समारोहका बीच सम्मानित हुनुभएकोमा म उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु। उहाँको संघर्ष, तत्कालीन सरकारले उहाँलाई दिएको यातना र समाजप्रतिको योगदानलाई कदर गर्दै नागरिक सरोकार केन्द्रले जिउँदा शहीदको उपाधि दिएको थियो। आधुनिक युगका जिउँदा शहीद तपाई दुर्गाप्रसाद भट्टराई समाज र देशप्रति अझै धेरै योगदान दिन समर्थ हुनुहोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु।

**सुशील अग्रवाल**
**अध्यक्ष**
**आर्य समाज अन्तर्राष्ट्रिय समिति नेपाल**
**परिवार**






**Wood Carving Industries Pvt. Ltd.**

Patan Industrial Estate, Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768 Fax: 977-1-5527730
Email: info@woodcarving.com.np

www.woodcarving.com.np












Radio Sarangi 101.3 MHz, Indrapur-8, Biratchowk, Morang
+977 021 546063, 546073
CORPORATE OFFICE : **Radio Sarangi Network**
Babarmahal, Kathmandu, Nepal, Ph.: 01-4241202
www.radiosarangi.com, info@radiosarangi.com

# Here Understand China Better




INAUGURAL PRICED EDITION

Issue 07 | February 2014 | 8 Pages | Rs. 10.00

Subcription

Tel: 4434475

Mobile: 9818852676

Email: xinhuaktm@gmail.com

## A New Window, A New Platform

**Share Your Story**

**Promote Your Brand**

APD ASIAPACIFIC DAILY

XINHUA

新华社
加德满都分社
सिन्ह्वा न्युज एजेन्सी
काठमाण्डौ

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१




Chinese Enterprise Association in Nepal is a non-profit organization approved by Commercial Office of Chinese Embassy in Nepal, launched and established by Chinese-funded enterprises which engaged in legitimate economic activities in Nepal. Currently our association composes of 7 council members and 20 non-council members, among which there are 15 ordinary members and 5 individual members. The primary dedication of our association is to strengthen relationships between Chinese-funded enterprises in Nepal, and promote China-Nepal friendship, to finally achieve the mutual development and advancement between two countries. Within the direction and support by Chinese Embassy in Nepal and Commercial Office during the past year, our association organized lecture on tax, held the First Badminton Competition of Chinese Enterprise Association in Nepal, and successfully completed the donation to Kathmandu local schools, this accomplishment fostered an outstanding image of Chinese-funded enterprises in Nepal.

**Chinese Enterprise Association in Nepal**